का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ पुस २०८२
शुक्रबार
26 December 2025
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-


# मध्याह्न
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३१६ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

इपिसेन्टर कुपन्डोल

# आस र त्रासले बालेन भेट्नेहरूको लर्को



झन्डै १० वर्षदेखि वैकल्पिक शक्तिको कुरा र अभ्यास भइराख्यो । अहिले संस्थागत हुन खोजेको छ ।

■ **सम्राट शर्मा**
समाजशास्त्री



बालेन शाहलाई हामी पाँच वर्षका लागि खोजिरहेका छौं ।

■ **खगेन्द्र सुनार**
अध्यक्ष,
हाम्रो पार्टी नेपाल

पछिल्ला दुई दिन बालेनसँग जतिले भेटेका छन् उनीहरू सबैले वैकल्पिक शक्ति एकीकृत हुनुपर्नेमा जोड दिएका छन् । भेटेकाहरूमध्ये कतिपयले बालेनलाई नै २१ फागुनपछिको प्रधानमन्त्रीका रूपमा समेत प्रस्तुत गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० पुस

पछिल्लो समय नेपाली राजनीतिको केन्द्रमा छ- ललितपुरको कुपन्डोलस्थित ज्वागल । जहाँ बिहीबार १२ घण्टासम्म निरन्तर बसेर काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले विभिन्न राजनीतिक दल र समूहका नेताहरूसँग भेटघाट गरे ।

इपिसेन्टर बनेको स्थल हो- ज्वागलस्थित कुमार बेनको घर । बेन बालेनका सहयोगी हुन् । उनैले बालेनसँगको भेटघाटका लागि राजनीतिक रूपमा समेत विभिन्न पक्षसँग संवाद गरेर व्यवस्थापकीय काम गरेका हुन् ।

बालेनको सचिवालयका अनुसार बिहीबार ३० जना वरिपरिका व्यक्तिसँग भेटघाट भएको छ । जसमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईदेखि जेनजी आन्दोलनका अगुवा रक्षा बमसहितका व्यक्तिहरू रहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, जनमत पार्टीका अध्यक्ष सिके राउत, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रवक्ता ज्ञानेन्द्र शाही, नेपाली कांग्रेसका नेता सुनिल शर्मा, कांग्रेसका पूर्वनेता तथा विघटित प्रतिनिधि सभामा स्वतन्त्र सांसद रहेका अमरेशकुमार सिंह, हाम्रो नेपाल पार्टीका अध्यक्ष खगेन्द्र सुनार, पूर्वसचिव भीम उपाध्यायले बालेनलाई भेटे ।

बालेनलाई भेट्न कलाकारहरू पनि पुगे । निश्चल बस्नेत, विशाल भण्डारी पुगे । कान्तिपुरका सञ्चालन सम्भव सिरोहिया, पत्रकार ऋषि धमला, सुरज सिंह ठकुरी ज्यागल पुगे । जेनजी अगुवाहरू रक्षा बम, सागर ढकाल, विवेकशीलका नेता मिलन पाण्डेलगायतले पनि बालेनलाई भेटे ।



बुधबार पनि बालेन दिनभर भेटघाटमा थिए । पछिल्ला दुई दिन बालेनसँग जतिले भेटेका छन् उनीहरू सबैले वैकल्पिक शक्ति एकीकृत हुनुपर्नेमा जोड दिएका छन् । भेटेकाहरूमध्ये कतिपयले बालेनलाई नै २१ फागुनपछिको प्रधानमन्त्रीका रूपमा समेत प्रस्तुत गरेका छन् ।

हाम्रो पार्टी नेपालका अध्यक्ष खगेन्द्र सुनारले त बालेन्द्रलाई प्रधानमन्त्रीमा पाँच वर्षका लागि खोजिरहेको बताए ।

बालेनसँग भेटेर निस्कने क्रममा पत्रकारहरूसँग कुरा गर्दै उनले जेनजी आन्दोलनपछिको अन्तरिम सरकारको प्रधानमन्त्री बालेन नभएको भनेर कतिपयले आलोचना गरिरहेको पनि स्मरण गरे ।

सुनारले अगाडि भनेका छन्, 'बालेन शाहलाई ६ महिनाका लागि होइन । बालेन शाहलाई हामी पाँच वर्षका लागि खोजिरहेका छौं । देशमा सुशासन स्थापित गर्ने सन्दर्भमा जनताबाट अनुमोदित भएर पाँच वर्षका लागि बालेन शाहलाई लिएर आउनुपर्छ भन्ने कुरामा हामी हिजो पनि स्पस्ट थियौं, आज पनि छौं ।'

राजनीतिक इपिसेन्टर बेलाबेला बदलिने गर्दछ । २०४६ सालको आन्दोलनपछि तत्कालीन कांग्रेसका नेतृत्वका निवास राजनीतिक इपिसेन्टर थिए । २०६२/६३ सालपछि झन्डै १० वर्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र २०७० सालयता केपी शर्मा ओलीको वरिपरि राजनीति घुम्यो ।

२३ र २४ भदौमा जेनजी आन्दोलन »» पृष्ठ २ मा

# बिरक्तिइन् प्रधानमन्त्री

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० पुस

जेनजी आन्दोलनपछिको कठिन परिस्थितिबाट देशलाई निकास दिन प्रधानमन्त्रीको कुर्सीमा पुगेकी थिइन्, पूर्वन्यायाधीश सुशीला कार्की । आन्दोलनकारी जेनजी र दलहरूको दबाब झेल्न नसकेपछि एक सय दिनमै उनी बिरक्तिएकी छन् ।

तत्कालीन कांग्रेस-एमाले गठबन्धनको सरकार अपदस्त भएसँगै नेतृत्वविहीन भएको देशको बागडोर सम्हाल्न पुगेकी कार्कीले सुरुमा नागरिकले महसुस हुनेगरी जेनजीको भावनाअनुसार काम गर्ने उत्साह देखाएकी थिइन् । पुराना राजनीतिक दलहरूसँग छलफल नै नगर्ने, नेताहरूलाई छानबिनको दायरामा ल्याउने र फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन गर्ने प्रतिबद्धता देखिएकी कार्कीलाई यतिबेला आफ्नै पद निल्नु न ओकल्नु भएको हो । राजनीतिक दल, सर्वसाधारणदेखि युवा समूहसम्मबाट निरन्तर आलोचना र दबाब खेप्नुपरेको भन्दै उनले आफूहरू 'कतै जाँदा पनि सुख नहुने' अवस्थामा पुगेको गुनासो गरिन् ।

प्रधानमन्त्री कार्कीले आफूहरू राजनीतिक दलदेखि जेनजीसम्म सबैको निसानामा परेर अचानोजस्तो बनेको दुःखेसो गरिन् । 'हामी अचानोजस्तो रहेछौं । राजनीतिक दलले पनि गाली गर्छन् । अहिले छोड्, भोलि नै छोड् भन्छन्' बिहीबार एक सार्वजनिक कार्यक्रममा उनले



बिलौना पोखिन्, 'हामी पेन्डुलमजस्तो भयौं । तै पनि सकस गरेर, मेहनत गरेर धैर्यका साथ काम गर्दै छौं ।' जेनजीकै २५/३० वटा समूह रहेको भन्दै उनले फरक-फरक मागले हैरान भएको मात्र बताइन्, देश 'बंगलादेश नबनोस्' भन्ने कामनासमेत गरेकी छन् ।

गत भदौ २३ र २४ गते भ्रष्टाचारको विरोध, सुशासन कायम, सामाजिक सञ्जाल बन्द विरोध र भ्रष्टाचारीमाथि छानबिनको माग गर्दै जेनजी समूहले आन्दोलन गरेका थिए । पहिलो दिनको शान्तिपूर्ण आन्दोलनले एकाएक उग्ररूप लिँदा सरकार पक्षबाट »» पृष्ठ २ मा

# गोल्ड मेडलिस्टको स्वदेशमै काम गर्ने चाहना

**नरेश राना/मध्यान्ह**
काठमाडौं, १० पुस

रामेछापकी फुर्वा शेर्पा त्रिभुवन विश्वविद्यालयको व्यापार प्रशासन (बिबीए) कार्यक्रममा सर्वोत्कृष्ट भइन् ।

विस्तृत समाचार पृष्ठ २ मा



HOPE International
URGENT VACANCY
★ Counsellor & Marketing Office - 2 (F) (Salary + Incentives)
• Applicant should be able to shortlist, communicate and follow up with candidates on a regular basis. Connecting candidates with the right jobs and helping them apply.
• Applicants should be able to use all social media applications to connect with candidates and guide them.
★ Documentation Assistant - 3 (M/F) (Salary + Incentives)
• At least 2 years of experience in overseas recruitment agencies or other industry.
• Excellent knowledge of MS Office, Excel, PPT and Photoshop.
★ Public Relation Officer (PRO)- 5(M/F) (Salary + Incentives)
• At least 2 years of experience in local overseas recruitment with excellent souring within all provinces of Nepal and familiar with all skilled, semi-skilled and unskilled categories of work force.
SEND YOUR CV: info@hopeinternational.com.np
Hope International Hotline :
9818943149
Chakrapath, Kathmandu
(Opposite of Chakrapath Bhatbhatini)
Scan for Location
www.hopeinternational.com.np
01-4002139 | 01-4002151

वैदेशिक रोजगार विशेष

# विभागबाट बिचौलिया भगाउन प्रहरीको माइकिङ



**मध्यान्ह संवाददाता**
काठमाडौं, १० पुस

वैदेशिक रोजगार विभागमा छिटो श्रम स्वीकृति दिलाइदिने भन्दै ठगी हुने प्रवृत्ति नरोकिएपछि बिचौलियालाई रोक्न प्रहरी नै परिचालन गरिएको छ । छिटो श्रम स्वीकृति दिलाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले अघिल्लो साता १३ जनालाई पक्राउ गरेको थियो ।

तर त्यसपछि पनि सोल्टीमोडदेखि सिर्जना स्टोरसम्म कार्यालय खोलेका उनीहरूले वैदेशिक रोजगारमा जाने कामदारहरूलाई विभिन्न प्रलोभन र घेराबन्दीमा पारेर बार्गेनिङ गरी बिचौलियाको काम गरेका कारण माइकिङ नै गरेर धपाउनु परेको प्रहरीको भनाइ छ ।

विभागले 'क्यास लेस, फेस लेस'का आधारमा वैदेशिक रोजगार प्रशासन सञ्चालन गरिरहेको बताएको छ । तर पुनः श्रम स्वीकृतिका लागि अनलाइनमार्फत लिनुपर्ने कुपनमा चलखेल गर्ने बिचौलियाहरूले श्रम स्वीकृतिका लागि विभागमा जानेहरूलाई »» पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
DOCUMENTATION OFFICER - 1 (Female)
- Education Requirements : Bachelors Degree
- Age Limit Above 25 Years Old.
- Fluency in English Language.
- Proficiency in MS Office (Word, Excel, PowerPoint).
SALARY NEGOTIABLE
SEND YOUR CV: ssgroupofm17@gmail.com
01-5104681, 9843193397
S.S. Group of Management Pvt. Ltd.
Subidhanagar-32, Tinkune, Kathmandu,
Website: www.ssgroupm.com
Govt. Lic. No. 1100/073/074

VACANCY
ANNOUNCEMENT
One of the reputed Manpower G.C.international group urgently hiring the following positions:
★ Counselor - 5 (Male/Female) Salary – 25000+ Incentives
सम्बन्धित कामको अनुभव भएको ।
★ Public Relation Officer - 5 (Male/Female) Commission Basis
सम्बन्धित कामको अनुभव भएको ।
★ Kitchen Assistant -1 (Female)
सम्बन्धित कामको अनुभव भएको । Salary - 15000
Interested & Qualified candidate can send their application & CV at:
info@gcintcgroup.com or directly visit our office with relevant documents.
GC Intenational Group Pvt.Ltd.
Sinamangal -09, Airport, Kathmandu, Nepal. Tel No: 01- 4533603, 4533606.
Mobile No: 9851405536 / 9813696946. Website: www. gcintcgroup.com
Gov Lic No: 1772/081/082

जापानमा रोजगार
कम्पनी: COOPERATIVE HIBIKI
पूर्व स्वीकृत मिति: २०८२/०९/०५
चलानी नं.: ६०२४९३१७
शहर: TOYAMA
LT. No.: 335461

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Worker | 12 | 13 | स. काममा दक्ष | 172860 | १,५५,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १८ गते (2 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।
१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : नि शुल्क
३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।
बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।
Hope International (P) Ltd.
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: Info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
License No: 857/066/67
For Location

मध्यान्ह
www.madhyanhadaily.com
११ पुस २०८२ शुक्रबार
26 December 2025 Friday

# गोल्ड मेडलिस्टको स्वदेशमै काम गर्ने चाहना



**नरेश राना/मध्यान्ह**
काठमाडौं, १० पुस

रामेछापकी फुर्वा शेर्पा त्रिभुवन विश्वविद्यालयको व्यापार प्रशासन (बिबीए) कार्यक्रममा सर्वोत्कृष्ट भइन् । ३.९८ जिपिए प्राप्त गर्दै भाइस चान्सलर पदक हात पारेकी उनले नेपालमै उच्चशिक्षा हासिल गरी सेवा गर्ने इच्छा व्यक्त गरिन् । 'मैले आर्जन गरेको ज्ञानसिप यही देशमै लगानी गर्न चाहन्छु,' उनले भनिन्, 'मेरो उच्चशिक्षा प्राप्ति मेरो व्यक्तिगत प्राप्ति मात्र होइन, राज्यको पनि हो । यसर्थ म मेरै देशमा सेवा गर्न सक्छु । बाहिर जाने कुनै रुचि छैन ।'

गोल्ड मेडल प्राप्त गर्दै गर्दा उनले पाठ्यक्रमसँग सम्बन्धित विषयसँग मिल्ने देशबाहिरका विभिन्न भाषाका पुस्तक अध्ययन गर्दा परीक्षामा लेखन र अंक प्राप्त गर्न सहज भएको अनुभव पनि सुनाइन् । विद्यार्थीका लागि पाठ्यपुस्तकबाहेकका अन्य पुस्तक अध्ययन उपयोगी हुने शेर्पाको बुझाइ छ ।

स्नातकोत्तर तहमा राजनीतिशास्त्र विषयबाट प्रतिभा पौडेल विश्वविद्यालय गोल्ड मेडलिस्ट बनिन् । उनले वडाकाजी मरिचमान सिंह पदक र ललित चन्द पुरस्कार प्राप्त गरिन् । विद्यार्थी राजनीतिमा सक्रिय रहँदै उत्कृष्ट नतिजा ल्याएकी पौडेलले प्राज्ञिक क्षेत्रमा भविष्य देखेको बताइन् । उनी विद्यार्थी नेता पनि हुन् । नेकपा (क्रान्तिकारी कम्युनिस्ट पार्टी)को विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)मा आबद्ध पौडेलले विद्यार्थी राजनीति गर्दै अध्ययन अघि बढाएको बताइन् । सक्रिय राजनीतिभन्दा अब प्राज्ञिक क्षेत्रमा उभिन चाहेको उनको भनाइ छ । पौडेलले भनिन्, 'लामो समयदेखि राजनीतिमा आबद्ध छु । यद्यपि राजनीतिबाट टाढा हुनुहुँदैन । तर पछिल्लो समय राजनीति सेवाभन्दा व्यापार मुखी देखिन्छ । यो राम्रो होइन, यसलाई सुधार गर्न हामीजस्ता युवाको खाँचो छ । हामीबाटै सुधारको प्रयास गर्ने हो ।'

पौडेलले राजनीति गर्नेहरू पढ्दैनन्, अध्ययन गर्दैनन् भन्ने जबर्जस्त हाबी भाष्य चिर्न हामीले गहिरो अध्ययन, कडा मेहनत गर्नुपर्छ । 'राजनीति गर्ने विद्यार्थी पढ्दैनन् भन्ने धारणा गलत छ । राजनीति गर्दै पढ्ने र वैचारिक बहस गर्ने विद्यार्थीहरू पनि प्रशस्तै छन्,' उनले भनिन् ।

एमए अर्थशास्त्रतर्फ कमल पौडेलले पनि सर्वोत्कृष्ट नतिजा ल्याउँदै तीनवटा पदक जिते । सरकारी सेवामा कार्यरत पौडेलले जागिरसँगै अध्ययन गरेर सफलता हासिल गरेको बताए । दीक्षान्त समारोहले अध्ययन, अनुसन्धान र निरन्तर मेहनतबाट नेपालमै उत्कृष्टता सम्भव छ भन्ने सन्देश दिएको सहभागीहरूको भनाइ छ । उनले भने, 'अर्थशास्त्र बुझ्न र उक्त शास्त्रबाट ज्ञान लिने सानैमा भोक थियो । जागिरका कारण बिहान, दिउँसो, साँझ, बिदाको समय र फुर्सदमा सयम मिलाएर अध्ययन गर्थे, राम्रो नतिजा आयो ।'

अर्थशास्त्र अध्ययन गरेर प्राप्त गरेको ज्ञानलाई प्रयोगमा ल्याउने बताएका छन् । जागिरसँगै समय निकालेर मेहनत गरेर अध्ययन गरेपछि सोचेभन्दा धेरै राम्रो नम्बर आएको उनको भनाइ छ । जागिर गरेर पढ्न गाह्रो हुन्छ भन्ने यदाकदा सुन्छु । तर अध्ययनलाई निरन्तरता दियो भने सफलता मिल्छ ।

गोरखा नारेश्वरका आर्किटेक्चर इन्जिनियर सौरभ कोइरालाले त्रिभुवन विश्वविद्यालयको एमए समाजशास्त्रमा ३.७० जिपिए ल्याउँदै सर्वोत्कृष्ट नतिजा हासिल गरेका छन् । समाज बुझेर डिजाइन र योजना गर्नुपर्ने महसुसपछि उनले समाजशास्त्र रोजेको बताए । आंशिक रूपमा इन्जिनियरिङ काम गर्दै समाजशास्त्र अध्ययन गरेका सौरभलाई त्रिविको ५१औं दीक्षान्त समारोहमा सुमन रिजाल पदक प्रदान गरिएको छ । देशमै बसेर समाजशास्त्र र इन्जिनियरिङलाई जोडेर अनुसन्धान र सरकारी क्षेत्रसँग सम्बन्धित काम गर्ने उनको लक्ष्य छ ।

देशमै बसेर समाज र इन्जिनियरिङलाई जोडेर अनुसन्धान गर्ने लक्ष्य छ । निकट भनिष्यमा सरकारी क्षेत्रसँग जोडिएर पनि काम गर्ने सोचमा छु,' कोइरालाले भने ।

शेर्पा, पौडेलद्वय, कोइराला प्रतिनिधि विद्यार्थी मात्रै हुन् । त्रिभुवन विश्वविद्यालयका झन्डै तीन दर्जन बढी शैक्षिक विभागबाट उच्चअंक प्राप्त गर्ने थुप्रै विद्यार्थीहरू छन् । उनीहरूले देश र जनताका लागि निकै सराहनीय कार्य गरेको त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र (शिक्षा) केन्द्रीय विभागका प्रमुख एवं सहप्राध्यापक श्याम फूएलको भनाइ छ ।

विद्यार्थीहरूको नतिजाले आफूहरू खुसी भएको फूएल बताउँछन् । विद्यार्थीहरूले गरेको कडा मेहनत र अध्ययनको प्रशंसा गर्दै उनले भने, 'हामीले वर्षौंदेखि गरेको मेहनतको फल विद्यार्थीमार्फत फलेको देख्दा निकै खुसी लाग्छ । आफूले पढाएका विद्यार्थीहरूले नेपालमै केही गरून् भन्ने चाहना हाम्रो पनि हुन्छ ।'

त्रिविमा अध्ययन गर्ने अधिकांश विद्यार्थी निम्न र मध्यमवर्गका हुने उनी बताउँछन् । विद्यार्थीहरू हामीले सोचेभन्दा गहिरो अध्ययन गर्ने भएकाले उत्कृष्ट अंक प्राप्त गर्छन् । विद्यार्थीको उत्कृष्टता नै आफ्नो प्रतिफल भएको सहप्राध्यापक फूएलको भनाइ छ ।

त्रिभुवन विश्वविद्यालयको ५१औं दीक्षान्त समारोहमा प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयकी कुलपति सुशीला कार्कीले ज्ञानलाई सेवासँग, सिपलाई सदाचारसँग र सफलतालाई समाजप्रतिको योगदानसँग जोड्न आग्रह गरिन् । ४ लाखभन्दा बढी विद्यार्थी रहेको विश्वविद्यालयमा प्राध्यापक विद्यार्थी अनुपात सन्तुलनमा राख्दै गुणस्तरीय शिक्षा दिनु चुनौतीपूर्ण रहेको उनको भनाइ थियो ।

प्रमुख अतिथि तथा सन् २०१५ का भौतिकशास्त्रतर्फका नोबेल पुरस्कार विजेता प्राध्यापक डा. ताकाआकी काजिताले निरन्तर खोज, अनुसन्धान र अध्ययनले नै विश्वस्तरीय उपलब्धि सम्भव हुने अनुभव सुनाए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं विश्वविद्यालयका सहकुलपति महावीर पुनले अबको विश्वले डिग्रीभन्दा पनि सिप र क्षमतालाई महत्व दिने उल्लेख गर्दै ज्ञान र सिपलाई समाज परिवर्तनमा प्रयोग गर्नुपर्नेमा जोड दिए । उपकुलपति प्राडा. दीपक अर्यालले दीक्षान्तलाई उज्वल भविष्यको सुरुवातका रूपमा व्याख्या गर्दै सिकेको ज्ञान व्यवहारमा उतार्न आग्रह गरे ।

यस वर्ष विभिन्न तहमा उत्तीर्ण भएका ८९ हजार १ सय ९१ विद्यार्थीमध्ये १६ हजार ३ सय ८० जनाले औपचारिक रूपमा दीक्षा ग्रहण गरेका छन् । काठमाडौंमा आयोजित समारोहमा स्नातकदेखि विद्यावारिधिसम्मका विद्यार्थी दीक्षित भएका हुन् । दीक्षितमध्ये स्नातक तहका ११ हजार २ सय ३४, अधिस्नातक १४, स्नातकोत्तर ४ हजार ८ सय ६०, एमफिल १ सय २० र विद्यावारिधि १ सय ५२ जना छन् । उत्कृष्ट नतिजा ल्याउने विभिन्न संकायका २२ जना विद्यार्थीलाई दीक्षान्त पदक प्रदान गरिएको थियो ।

# ज्याला नदिई ठेकेदार फरार भएपछि बिचल्ली



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १० पुस

आधारभूत समस्यासँग जुधिरहेको छ राजापुर नगरपालिका-३ बर्दियाकी कृष्णा थारुको परिवार । छोराछोरीले स्कुल जान थालेको एक वर्ष भयो । श्रीमान् श्रीमतीले मजदुरी काम गर्दा पनि साँझ बिहानको छाक टार्न मुस्किल छ । छोरी ग्यास्ट्रिकको बिरामी छिन् । सामान्य उपचारसमेत पाउन सकेकी छैनन् ।

'श्रीमान् श्रीमतीले काम गरेर कमाएको पैसाले साँझ बिहान हात छाक टार्ने मुस्किल छ,' थारु भन्छिन्, 'कहाँबाट छोराछोरीलाई स्कुल पढाउने पैसा जुटाउन सक्नु ?'

उनका १५ वर्षीय छोरा सुरज कक्षा ७ मा पढदा पढ्दै स्कुल जाने छाडे । छोरी संजना १६ वर्षकी भइन् । उनले कक्षा ८ मै पढाइ छाडिन् । उनी ग्यास्ट्रिकको बिरामी पनि छन् । सामान्य उपचार गर्ने पैसा छैन । श्रीमान् शारीरिक रूपमा उस्तै कमजोर छन् र शारीरिक रूपमा भार पर्ने काम गर्न सक्दैनन् । श्रीमान् श्रीमती मजदुरी गर्छन् । त्यही काम गरेको पैसासमेत समयमा आउँदैन । साँझबिहान छाक टार्न मुस्किल छ । 'छारोछोरीलाई काम लगाउन मिल्ने भए त काममा पठाउने थिए, के गर्नु बाल श्रम भन्छन्, काममा लगाउन मान्दनैन्,' उनी भन्छिन्, 'घरमा यत्तिकै बस्छन् ।'

निःशुल्क शिक्षा भने पनि विद्यालयमा विभिन्न वाहनामा पैसा उठाउने गरेको उनले बताइन् । 'सरकारीमा निःशुल्क शिक्षा भन्ने मात्रै हो महिनामहिनामा पैसा बुझाउनुपर्छ, त्यसबाहेक पनि परीक्षा फी केके भन्छन्,'उनले भनिन्, 'त्यही पैसा समयमा बुझाउन नसकेर छोराछोरीलाई स्कुल पठाउन सकिनँ ।'

छोराछोरीलाई स्कुल पठाउने इच्छा भए पनि पठाउन नसकेको उनले बताइन् । 'छोराछोरीको पढ्ने धेरै इच्छा थियो, स्कुलमा फरक-फरक ड्रेस किन्नुपर्ने, खाजा दिनुपर्ने मैले पुऱ्याउन सकिनँ,' उनले निराश हुँदै भनिन् । छोराछोरीलाई स्कुल पठाउन नसक्दा उनको मन खिन्न हुन्छ । गरिबीमै जन्मिइन् । गरिबीमै हुर्किइन् ।

उनले १४ वर्षको उमेरै विवाह गरेकी हुन् । अहिले उनी ३४ वर्षकी भइन् । विवाह गर्दा यो परिवार जमिनदारले दिएको एउटा टहरामा थिए । अहिले जमिनदारले त्यो टहरा पनि खोसे । उनका श्रीमान् पनि जमिनदारकै गोठालो गर्थे । गाईवस्तु राख्ने गोठजस्तै उनका श्रीमानलाई बस्न टहरा दिएका थिए । त्यही टहरामा उनी बिहे गरेर आएकी थिइन् ।

'छोराछोरी स्कुल पढ्थे, हामी श्रीमान् श्रीमती निर्माणका काममा जान्थ्यौं, राम्रै चलेको थियो,' उनले भनिन्, 'हामी राम्रो भएको जमिनदारले देख्न सकेनन् । त्यो टहरा पनि खोसे ।' उनका श्रीमान् जमिनदारका वस्तु चराउन जाँदा गोरुले हानेर अशक्त भएका हुन् । उनी गह्रौं काम गर्न सक्दैनन् । बस्नका लागि घर त चाहियो । उनीहरूले घाम पानीबाट ओत लाग्नका लागि एक कठ्ठा जमिन किनेर गुजारा चलाउने घर बनाएको दुई वर्ष भयो । ऋण लिएर घर बनाएका थिए । त्यसभन्दा पहिला कोरानाको समयमा काम पाएनन् । पसलमा उधारो मागेर साँझबिहानको छाक टारे । पसल र घर बनाउँदाको समेत गरेर ऋण थपिएर ५ लाख नाघिसकेको छ । श्रीमान् श्रीमतीले काम गरेको पैसा ठेकेदारसँग ३ लाख रुपैयाँ लिन बाँकी छ ।

'काम गर पैसा दिन्छौं भन्दै काममा लगाए, पैसा दिनेबेला ठेकेदार भागे, अहिले सम्पर्कमा छैनन्,' उनले भनिन् । ठेकेदारसँग पैसा निकाल्न उनले राजापुर नगरपालिकाको न्यायिक समितिमा समेत उजुरी दिइन् । 'न्यायिक समितिलाई बुझ्दा ठेकेदार भागिसक्यो, भेटिदैन भन्दै जवाफ दिन्छन्,' उनले भनिन् । लिन बाँकी रहेको पैसा पाएको भए सहज हुने उनले बताइन् । उनले निर्माणसम्बन्धी काम गरेबापत दैनिक ६ सय ५० पाउँछिन् । तर उनले पाउनुपर्ने ७ सय ५४ रुपैयाँ हो । उनले पाउनुपर्ने बाँकी पैसा ठेकेदारले लैजाने गरेको बताइन् । उनले ज्यालादारी काम गरे पनि समयमा पैसा पाउँदिनन् । ज्यालादारी काम गरेबापत दैनिक ६ सय ५० रुपैयाँ पाउनुपर्ने उनले महिनामा ८ हजार कहिले १० हजार रुपैयाँ पाउँछिन् । 'महिनाभरि काम गरे पनि पूरा पैसा पाइँदैन,' उनले सुनाइन् ।

# 'मुलुक समृद्ध बनाउन नयाँ पुस्ता एकताबद्ध हुनुपर्छ'

**काठमाडौं/मस**–ऊर्जामन्त्री कुलमान घिसिङले देशलाई समृद्धि, सुशासन र न्यायको मार्गमा अघि बढाउन नयाँ पुस्ता एकताबद्ध भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

बिहीबार यहाँ आयोजित उज्यालो नेपाल पार्टीको केन्द्रीय कार्यालय उद्घाटन समारोहमा उज्यालो नेपाल पार्टीका संरक्षकसमेत रहेका मन्त्री घिसिङले वर्तमान राजनीतिक अवस्था परिवर्तनको निर्णायक मोडमा रहेको उल्लेख गर्दै युवा र नयाँ राजनीतिक शक्तिहरूबीचको एकताले मात्र देशलाई सही दिशामा लैजान सक्ने बताए । संरक्षक घिसिङले पछिल्लो समय देखिएको जेनजी आन्दोलनपछि सिर्जित राजनीतिक चेतनालाई सकारात्मक दिशामा अगाडि बढाउन आवश्यक रहेको धारणा व्यक्त गरे । उनले भने, 'जेनजी आन्दोलनपछिको उत्पन्न परिस्थितिले देशमा परिवर्तनको चाहना प्रष्ट देखिएको छ । यसलाई सुशासन र समृद्धिको दिशामा लैजान युवा पुस्ता र नयाँ शक्तिहरू एकताबद्ध भएर अघि बढ्नुको विकल्प छैन ।'

उनले वर्तमान सरकारले आगामी फागुन २१ गते निर्वाचन गराउन पूर्ण रूपमा कटिबद्ध रहेको उल्लेख गर्दै सो निर्वाचनलाई सामान्य राजनीतिक प्रक्रियाभन्दा पनि नयाँ राजनीतिक शक्तिहरूको उदयको ऐतिहासिक अवसरका रूपमा लिनुपर्ने बताए । उज्यालो नेपाल पार्टीका अध्यक्ष अनुप उपाध्यायले पार्टी देशलाई समृद्धिको बाटोमा डोऱ्याउने अभियानमा निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे । उनले उज्यालो नेपाल पार्टीले सुशासन, पारदर्शिता, विकास र युवामैत्री नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखेर अघि बढ्ने उल्लेख गरिन् ।

# रमेश लेखकले जाँचबुझ आयोगमा बयान दिने



**काठमाडौं/मस**–नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकले भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनसम्बन्धी घटनाको जाँचबुझ गर्न गठित आयोगमा बयान दिने निर्णय गरेका छन् । बिहीबार नेपाली कांग्रेसको पार्टी केन्द्रीय कार्यालय सानेपामा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै नेता लेखकले आयोगमा उपस्थित भएर बयान दिने बताए ।

भाद्र २३ र २४ गतेको घटनाको बारेमा जाँचबुझ गर्न गठित आयोगले आफूलाई घटनाका बारेमा जानकारी लिन बोलाएको र आफूले बयान दिने निर्णय गरेको बताए । उनले भने, 'भाद्र २३ र २४ गतेको घटनाको बारेमा जाँचबुझ गर्न गठित आयोगले मलाई घटनाका बारेमा जानकारी लिन बोलाएको छ । मैले आयोगमा जाने निर्णय गरेको छु । म आयोगमा जान्छु । उहाँहरुले भोलिलाई भनेर बोलाउनुभएको रहेछ, मैले सोमवार आउँछु भनेको छु । १४ गते सोमवार जान्छु ।'

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले पूर्वगृहमन्त्री लेखकलाई बयानका लागि बोलाएको थियो । आयोगले लेखकपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि बयानका लागि बोलाउने तयारी गरेको छ ।

## आस...

भएपछि नयाँ शक्ति उदाउन खोजिरहेको छ । यो बेला २०७९ को चुनावमा काठमाडौं महानगरको मेयरमा स्वतन्त्र उम्मेदवार भएर विजयी बालेन केन्द्रमा देखिने प्रयासमा छन् । यसकारण उनको वरिपरि वैकल्पिक शक्ति केन्द्रित गराउने प्रयास भइराखेको छ । तथापि जनताले कसलाई मतदान गर्छन् र शक्तिमा पुऱ्याउँछन् भन्ने विषय कुर्न भने निर्वाचन नै हुनुपर्छ ।

२१ फागुनको निर्वाचनका लागि समानुपातिकतर्फ निर्वाचन लड्न चाहने दलले यही पुस १३ र १४ गते समानुपातिक तर्फका उम्मेदवारको बन्दसूची पेस गर्नुपर्ने समय छ । यसकारण दलहरूमा ध्रुवीकरणको तीव्र प्रयास भएको हो ।

नेताहरूका अनुसार कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी बालेनसँग सहकार्यका लागि तयार भएको छ । तर मोडालिटी तयार भएको छैन । हर्क साम्पाङ नेतृत्वको पार्टीसँग समेत छलफल चलिरहेको छ । रास्वपाका सभापति लामिछाने, बालेन, घिसिङसहितका शक्तिलाई मिलाउने प्रयास चलिरहँदा बालेनका सहयोगी कुमार बेनको घर राजनीतिक इपिसेन्टरजस्तो बन्न पुगेको हो ।

समाजशास्त्री सम्राट शर्मा नेपालको राजनीतिमा पछिल्लो दशकमा अभ्यास भइराखेको वैकल्पिक शक्ति संस्थागत हुने प्रयासमा रहेको बताउँछन् ।

'झन्डै १० वर्षदेखि वैकल्पिक शक्तिको कुरा र अभ्यास भइराख्यो । अहिले संस्थागत हुन खोजेको छ,' उनी भन्छन्, 'यथास्थितिबाट अगाडि बढ्न खोजेकाहरू एकीकृत हुन खोजेका छन् । यसबेला स्वतन्त्र चुनाव जितेर काठमाडौंको मेयर भएका व्यक्ति वरिपरि राजनीति देखिनु स्वाभाविक छ ।'

२३ र २४ भदौमा जेनजी आन्दोलन गरेका अगुवाहरू एकीकृत रूपमा अगाडि बढ्नसमेत सकिरहेका छैनन् । तर बालेनले सबै जेनजी अगुवालाई समेत नेतृत्व गर्नेगरी छलफल चलाएको भन्दै उनले यसलाई सकारात्मक रूपमा लिनुपर्ने बताउँछन् ।

जुनसुकै शक्ति एकीकृत भएर चुनावमा जाँदा अनुमोदन गर्ने वा नगर्ने जुनसुकै निर्णय लिन जनतालाई पनि सहज हुने उनको विश्वास छ ।

## बिरक्तिइन् ...

आन्दोलनकारीमाथि वानेश्वरमा गोली चलाउँदा १९ आन्दोलनकारीको मृत्यु भएको थियो । त्यसैको प्रतिवादस्वरूप जेनजी, उनका परिवार र समर्थकहरूले २४ गते राज्यसत्ता नै परिवर्तन गरेका थिए । देशका प्रमख प्रशासनक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपतिको कार्यालयसहित देशभरका सरकारी संरचना ध्वस्त भएका थिए । त्यस्तै, कांग्रेस, एमाले, माओवादी नेकपा एससमेत राजनीतिक दलका कार्यालय र नेताका घर आन्दोलनकारीको निशानामा परेका थिए ।

यसै घटनाको वरिपरि रहेर राष्ट्रपति रामचन्द्र पौडेलले संविधानमा नभएको तर आफ्नो अभिभावकीय भूमिका उपयोग गर्दै कार्कीलाई भदौ २७ को मध्यरातमा प्रधानमन्त्री नियुक्त गरेका हुन् । उनले सोही दिन प्रतिनिधि सभाको विघटन गरी फागुन २१ गते निर्वाचन गर्ने घोषणा गरेकी थिइन् । प्रधानमन्त्री कार्कीको नियुक्ति र उनले गरेको प्रतिनिधि सभा विघटन असंवैधानिक भएको भन्दै सर्वोच्चमा रिट परेको छ । विचाराधीन अवस्थामा रहेको उक्त रिटलाई बलियो बनाउन तत्कालीन सत्ता पक्षका अधिकांश सांसदहरूले संसद् पुनर्स्थापनाको माग गर्दै पूरक रिट दर्ता गराएका छन् । यसले उनीमाथि थप दबाब बढाएको छ । पुराना दलका शीर्ष नेताहरूसँग संवाद नै नगर्ने बताएकी कार्कीले मंगलबार राष्ट्रपतिको रोहवरमा कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'सँग वार्ता गरेकी छन् । तर उक्त वार्तामा समेत उनलाई नेताहरूले चुनावमा जानेभन्दा पनि संसद् ब्युँताउनेतर्फ बढी दबाब दिएका थिए । दलहरूले आफ्नो राजनीतिक एजेन्डालाई लिएर दबाब दिँदै गर्दा उनलाई प्रधानमन्त्री बनाउन सहयोग गरेका जेनजी अगुवा सुदन गुरुङ, मिराज ढुंगानासहितका युवाहरूले सरकार छाड्न दबाब दिइरहेका छन् ।

विभिन्न समूहमा विभाजित जेनजीका अगुवाहरूले छुट्टाछुट्टै भेट्ने र आआफ्ना माग राख्दै जाँदा प्रधानमन्त्रीले नियमित काम गर्नसमेत सकेकी छैनन् । प्रतिनिधि सभाको निर्वाचन गराएर नयाँ जनप्रतिनिधिलाई जिम्मेवारी हस्तान्तरण गर्ने योजनासहित निर्वाचनको तयारी गरेको सरकारका प्रधानमन्त्रीदेखि मन्त्रीहरू समेत तनावमा परेका छन् । प्रधानमन्त्री कार्कीले पछिल्लो समय केही युवाहरूले 'निर्वाचन किन चाहियो ?' भन्ने प्रश्न उठाइरहेको उल्लेख गर्दै वैधानिकता, कानुनी शासन र लोकतन्त्रको निरन्तरताका लागि निर्वाचन अनिवार्य हुने बताइन् । 'यो संसारकै नियम रहेछ, कानुन रहेछ । वैधानिक र अवैधानिक छुट्याउने आधार नै निर्वाचन हो,' उनले भनिन् । उनले सरकार निरन्तर रहिरहे तानाशाही हुन्छ भन्ने भाष्य निर्माण गरिएकोप्रति पनि असन्तुष्टि जनाएकी छन् । 'यही सरकार चलिरह्यो भने तानाशाही हुन्छ, यिनीहरू सरकारमा खान आएका रहेछन्, टाँसेरै बसेका रहेछन् भन्ने आरोप लगाइन्छ,' उनले भनिन् ।

निर्वाचनको औचित्यमाथि नै प्रश्न उठ्न थालेको सन्दर्भमा उनले लोकतान्त्रिक प्रणालीमा निर्वाचन अपरिहार्य रहेको दाबी गरिन् । 'युवाहरूबाटै निर्वाचन किन चाहियो भन्ने भाषा पनि आएको छ । केही गर्दा पनि सुख नहुने । २५ वटा ३० वटा जेनजी समूह हुनुहुन्छ । एउटाले एउटा काम, अर्कोले अर्को काम गर भन्नुहुन्छ । मुलुक बंगलादेश नहोस् भन्ने कामना छ । बंगलादेशचाहिँ नहोस्,' कार्कीले भनिन् । वर्तमान सरकार गम्भीर दिक्दारी र दबाबको अवस्थाबाट काम गरिरहेको उनले दुःखेसो पोखिन् । उनले पद छोडेपछि समेत आलोचना नरोकिने प्रवृत्ति हाबी हुने बताइन् 'पद छोडेको भोलिपल्ट फेरि थुक्क पालो त दिएको थियो नि, औकात त तिमीहरूको छोडेर हिँड्ने न रहेछ भनेर अर्को भाष्य आउँछ,' उनले भनिन् ।

## विभागबाट...

हैरानी दिँदै आएको गुनासो छ । बिचौलियाहरूले श्रम स्वीकृति मात्रै नभएर ठगीमा परेकाहरूलाई ठगीमा संलग्नलाई पक्राउ पुर्जी जारी गराइदिने र पक्राउ गर्नसमेत सहयोग गरिदिने बताएर दुःख दिएको गुनासो आउने गरेको विभाग स्रोतले बताएको छ ।

यसैबीच वैदेशिक रोजगारीका लागि क्रोएसिया र न्युजिल्यान्ड पठाउने भन्दै ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । मोरङको उर्लाबारी नगरपालिकाका शैलेन्द्र शाक्य र रामेछापको सुनापति गाउँपालिकका जितबहादुर जर्घा मगरलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेका हो ।

मगरले न्युजिल्यान्ड पठाउने भन्दै एक जनाबाट ७ लाख १० हजार र शाक्यले युरोपेली मुलुक क्रोएसिया पठाउने भन्दै एक जनाबाट ५ लाख रुपैयाँ ठगी गरेको जाहेरी परेको प्रहरीले बताएको छ ।

पक्राउ परेका मगर र शाक्यलाई वैदेशिक रोजगार ऐनअनुसार कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी काजीकुमार आचार्यले जानकारी दिए ।

# संसद् पुनर्स्थापना नभए चुनावमा जानु उपयुक्त हुँदैन : ओली

**काठमाडौं/मस–** नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले संसद् पुनर्स्थापना नभएसम्म चुनावमा जानु उपयुक्त नहुने बताएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलको पहलमा शीतल निवासमा भएको वार्तामा आफूहरूले पहिलो शर्तका रूपमा संसद् पुनर्स्थापना हुनुपर्ने अडान राखेको उनले स्पष्ट पारे ।

पार्टीको ११औं महाधिवेशनका स्वयंसेवकहरूलाई धन्यवाद ज्ञापन गर्न बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष ओलीले प्रधानमन्त्री सुशीला कार्की र कांग्रेस सभापति शेरबहादुर देउवा उपस्थित उक्त वार्तामा चुनावभन्दा अघि प्रतिगमन अन्त्य गर्नुपर्ने कुरा स्पष्टसँग राखिएको बताए ।



उनले संसद् पुनर्स्थापना भएपछि मात्रै चुनावमा जानु उपयुक्त हुने उल्लेख गर्दै हाल देशमा शान्तिपूर्ण वातावरण नबनेको दाबी गरे । नेता-कार्यकर्तामाथि आक्रमण, प्रतिबन्ध, अखबारबाजी, सामाजिक सञ्जालमार्फत दुष्प्रचार र मिडिया ट्रायल जारी रहेकाले तत्काल चुनाव सम्भव नभएको उनको भनाइ छ ।

अध्यक्ष ओलीले सरकारले पहिले शान्ति-सुरक्षाको वातावरण बनाउनुपर्नेमा जोड दिँदै देशलाई अग्रगमनतर्फ फर्काएर मात्रै चुनावमा जान एमाले तयार रहेको बताए । उनले तत्काल निर्वाचनको कुनै सम्भावना नरहेको समेत स्पष्ट पारे ।

प्रधानमन्त्रीसहित राष्ट्रपतिसँगको छलफलमा आफूले एमाले निर्वाचन विरोधी नभई प्रतिगमन विरोधी भएको कुरा राखेको जानकारी दिँदै उनले निर्वाचनका लागि वातावरण नबनेका कारण विघटित संसद् पुनर्स्थापनाको मुद्दामा आफूहरू अडिग रहेको जिकिर गरे ।

अध्यक्ष ओलीले पछिल्लो समय 'जेनजी' का नाममा समाजमा भय र त्रास सिर्जना गर्ने काम भइरहेको टिप्पणी गर्दै केही छट्टु टाठाबाठाहरूले नवयुवाहरूको नाम बेचेर फाइदा उठाइरहेको आरोप समेत लगाए ।

# निर्धारित समयमै निर्वाचन हुनेमा सरकार प्रतिबद्ध : मन्त्री खरेल

**काभ्रेपलाञ्चोक/मस–** सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले संविधान र लोकतान्त्रिक अभ्यासअनुसार तोकिएकै समयमा निर्वाचन सम्पन्न हुने बताएका छन् ।

बिहीबार काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिकाको अवलोकनका क्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले निर्वाचनका लागि सरकारले वातावरण बनाएको र राजनीतिक दलहरुपनि त्यसतर्फ होमिएको बताए ।

निर्वाचनका विषयमा कुनै पनि किसिमको अन्योल नरहेको भन्दै सञ्चारमन्त्री खरेलले देशमा राजनीतिक स्थिरता र लोकतन्त्रको सुदृढीकरणका लागि समयमै निर्वाचन हुनु अत्यन्त आवश्यक रहेको उल्लेख गरे । निर्वाचन प्रक्रियाप्रति सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको उनले स्पष्ट पारे । सञ्चारमन्त्री खरेलले भने, 'निर्वाचनको वातावरण बनाउन सरकारले मंगलबार र बुधबार नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमत पार्टीसँग



उनीहरुकै कार्यालयमा पुगेर छलफल र अन्तरक्रिया गरिएको छ । राष्ट्रपतिको उपस्थितिमा प्रधानमन्त्रीसहित प्रमुख तीन दलका शीर्ष नेताहरुसहितको बैठक पनि भएको छ । यसले निर्वाचनको वातावरण सुनिश्चित गरेको छ । दलहरु निर्वाचनका लागि तयार छन् । सरकारले निर्वाचनका लागि आवश्यक तयारी गरिरहेको छ ।'

पाँचखाल नगरपालिकाका नगर प्रमुख महेश खरेलले संघ, प्रदेश र स्थानीत तहको समन्वय र सहकार्यलाई फराकिलो बनाएर विकास र समृद्धिको यात्रामा सक्रिय भएर लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा स्थानीय बासिन्दा, समाजसेवी, बुद्धिजीवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । यसैबीच मन्त्री खरेलले धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिने खरेलथोक स्वारामा प्रत्येक वर्ष हुने कुलपूजा तथा विविध धार्मिक कार्यक्रमलाई सम्बोधन गरे । सो अवसरमा मन्त्री खरेलले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा सरकारको विशेष ध्यान रहेको बताउँदै स्थानीय समुदायले खेलेको सक्रिय भूमिकाको प्रशंसा गरे । उनले यस्ता धार्मिक-सांस्कृतिक गतिविधिले सामाजिक एकता र मौलिक पहिचान संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गरे ।

# रास्वपामा समानुपातिक उम्मेदवार छनोट प्रक्रिया सुरु

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समानुपातिक उम्मेदवार छनोट प्रक्रिया सुरु गरेको छ ।

पार्टीले बिहीबार र शुक्रबार 'ब्लुप्रिन्ट संवाद' तथा 'शून्य समय' कार्यक्रममार्फत आकांक्षीहरूको प्रस्तुति राख्ने व्यवस्था मिलाइएको प्रवक्ता मनिष झाले जानकारी दिए । दुई दिनपछि प्रारम्भिक निर्वाचनअन्तर्गत आन्तरिक मतदान (प्राइमरी भोटिङ) हुने जनाइएको छ । प्रवक्ता झाकाअनुसार यस प्रक्रियामा देशभरबाट निवेदन दिएका करिब चार सय आकांक्षी सहभागी छन् ।

तीमध्येबाट १ सय १० जनाको नाम समानुपातिक बन्दसूचीमा समावेश गरी निर्वाचन आयोगमा बुझाइने छ । उम्मेदवार छनोट तथा प्रतिस्पर्धाका सबै कार्यक्रम



काठमाडौंको गोंगबुस्थित बिजी ब्यांक्वेटमा सञ्चालन भइरहेको छ । प्रवक्ता झाले यही पुस ५ गते आयोजित छलफलमा विशेष कारणवश सहभागी हुन नसकेका वा सहभागी हुन नपाएका समानुपातिक उम्मेदवारका आकांक्षीहरूलाई पुनः छलफलमा सहभागी गराइने बताए । प्रारम्भिक निर्वाचन बाहेकका छनोट प्रक्रिया सम्पन्न गर्ने जिम्मेवारी पार्टी प्रवक्ता झा र सचिवालय सदस्य दीपक बोहोरालाई दिइएको छ । आवश्यकताअनुसार पार्टी उपसभापति डा स्वर्णीम वाग्ले र महामन्त्री कविन्द्र बुर्लाकोटीले उक्त प्रक्रियाको अनुगमन गर्ने बताइएको छ ।

प्रवासमा रहेका उम्मेदवारका आकांक्षीहरूको मूल्याङ्कन 'भर्चुअल' माध्यमबाट गरिने छ । उम्मेदवार छनोट समितिको प्रस्ताव तथा पार्टी उपसभापति डोलप्रसाद अर्याल र वाग्लेसँगको सहमतिमा छनोट प्रक्रियामा सहजीकरण गर्न केन्द्रीय समितिका सदस्यहरूसमेत सहभागी गराइने रास्वपाले जनाएको छ ।

# श्रीसद्भाव युवा समाज कतारद्वारा स्याङ्जाको आधारभूत विद्यालयलाई सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १० पुस

सद्भाव युवा समाज कतारका सहयोगी हातहरू स्याङ्जाको अर्जुन चौपारी गाउँपालिकाको वडा नम्बर ३ रिमाल फेदीको कामक्षय आधार भूत विद्यालयमा पुगेका छन् । उक्त विद्यालयमा अध्ययनरत १८ जना बालबालिकाको लागि सद्भाव उपहार स्वरूप जाडो छेक्ने न्यानो कपडा लिएर सहयोगी हातहरू पुगेका हुन् । पठनपाठनमा कठिनाइ नहोस् भन्ने उद्देश्यले एक कार्यक्रमकाबीच २० हजार रुपैयाँ बराबरको न्यानो कपडा (ट्र्याक सुट) वितरण गरिएको समाजका अध्यक्ष विजय गुरुङले मध्यान्हलाई जानकारी दिए । कपडा वितरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिवाकर खनालको अध्यक्षतामा विद्यालय व्यवस्थापन



समितिका पदाधिकारी, स्थानीय अभिभावक, शिक्षाप्रेमी, बुद्धिजीवी तथा सामाजिक व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

समाजको निमन्त्रणालाई स्वीकार गरी उपस्थिति हुने र कार्यक्रमलाई सफल बनाउन व्यवस्थापनको भूमिका निर्वाह गर्ने समाजका प्रमुख सल्लाहकार चण्डी प्रसाद भुसाललाई समाजले कृतज्ञता प्रकट गरेको छ ।
केही दिन पहिले मात्र समाजले कञ्चनपुरको एक सामुदायिक विद्यालयलाई 'सद्भाव उपहार' अन्तर्गत ८० हजार बराबरको शैक्षिक तथा खेलकुद सामग्री सहयोग गरेको थियो, भने इलामको माङ्सेबुङ्ग गाउँपालिका गजुरमुखी खोला धाम साथै देनपा-५, का बाढी पीडितहरूलाई एक लाख पन्ध्र हजार रुपैयाँ सहयोग गरेको थियो । 'जहाँ अभाव त्यहाँ सद्भाव, सेवा र सहयोगको लागी हरेक पल सबैको साथ सद्भाव'नारा बोकेको समाज कतारमा रहेर कतार एयरवेजमा कार्यरत श्रमिकहरूको अग्रसरतामा स्थापित समाज हो ।

# रामप्रसादराई गाउँपालिकामा फुसको छानो हटाउन बजेट विनियोजन



**भोजपुर/मस–** भोजपुरको रामप्रसादराई गाउँपालिकाले फुसको छानो हटाउने कार्यक्रमलाई निरन्तरता दिने भएको छ ।

संघीय सरकारबाट बजेट निकासा नहुँदा अलमलमा परेको गाउँपालिकाले उक्त कार्यक्रमका लागि आफ्नै स्रोतबाट बजेट व्यवस्थापन गरेको हो ।

गाउँपालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमका लागि एक करोड ५५ लाख २५ हजार रुपैयाँ विनियोजन गरेको छ ।

पालिकाका अनुसार केन्द्रीय सरकार अन्तर्गत सघन सहरी विकास कार्यक्रममार्फत विनियोजन हुनुपर्ने बजेट हालसम्म निकासा नभएपछि गाउँपालिकाले आफैं स्रोत सुनिश्चित गरेको हो । सुरक्षित नागरिक आवास व्यवस्थित ऐन, २०८२ निर्माण गरी स्रोत सुनिश्चित गरिएको गाउँपालिका अध्यक्ष थामबहादुर राई (निर्माण) ले जानकारी दिए ।

अध्यक्ष राईले भने, 'संघीय सरकारले आफैंले गरेको निर्णय आफैंले कार्यान्वयन नगर्दा आज धेरै वटा स्थानीय सरकार आलोचित बन्नु परेको छ, भने अर्कोतर्फ नागरिकले सास्ती व्यहोर्नु परेको छ । स्थानीय सरकारले नागरिकको समस्या मध्यनजर गर्दै पालिकाले नै स्रोत सुनिश्चित गरेका छौं । पछि संघीय सरकारले बजेट निकासा गरेको खण्डमा स्थानीय सरकारको आम्दानीमा जोड्नेछौं ।'

गाउँपालिकाले बिहीबार सम्पन्न १८औं विशेष गाउँसभाबाट उक्त बजेटको स्रोत सुनिश्चितता गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत आङलाक्पा तामाङले बताए । फुसको छानो हटाउने कार्यक्रममा गाउँपालिकाभर ८ सय ७१ घरधुरी छनोट भएका थिए । तीमध्ये ७ सय ४२ घरधुरीले सम्झौता गरेका छन् । सम्झौता गरेका घरधुरीमध्ये ६ सय १ घरधुरीले जस्तापाता फेरेका भएपनि हालसम्म ३ सय १ घरधुरीले मात्र भुक्तानी लिएका छन् । बाँकी ३ सय घरधुरीले भुक्तानी लिन बाँकी रहेको छ, भने बजेट अभावकै कारण १ सय ४१ घरधुरीले अझै छाना फेर्न सकेका छैनन् ।

भुक्तानी लिन बाँकी रहेका ३ सय घरधुरीमध्ये २ सय ७ घरधुरीको भुक्तानीका लागि एक करोड ५५ लाख २५ हजार रुपैयाँ बजेट सुनिश्चित गरिएको गाउँपालिका अध्यक्ष राईले बताए ।

भोजपुरसहित अन्य धेरै स्थानीय तहमा फुसको छानो हटाउने कार्यक्रमका लागि संघीय सरकारको सहरी विकास मन्त्रालयबाट बजेट निकासा हुन नसक्दा लाभग्राहीहरू मारमा परेको स्थानीय जनप्रतिनिधिहरूले बताएका छन् ।

यसैबीच, गाउँपालिकाले शून्य बेरुजु बनाउने निर्णयसमेत गरेको छ । विभिन्न उपभोक्ता समितिहरूसँग बाँकी रहेको २९ हजार रुपैयाँ बराबरको बेरुजु रकम असुल उपर गरिने अध्यक्ष राईले बताए ।

# नाग्म-गमगढी मार्गमा सात पुल निर्माण

**जुम्ला/मस–** नाग्म-गमगढी सडकखण्डमा सात पक्की पुल निर्माण गरिएको छ ।

नाग्म-गमगढी सडकखण्डको ९३ किलोमिटर क्षेत्रमा तीन पक्की पुल निर्माण गर्न अझै बाँकी छ ।

जग्गा विवादका कारण तीन पुल निर्माण गर्न ढिला भएको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख दीपेन्द्रकुमार चौधारीले जानकारी दिए । पुल निर्माण हुने स्थानमा स्थानीयवासीको जग्गा परेको छ । सरकारले जग्गाको मुआब्जा दिने गरेको छैन । 'बारम्बार जग्गाधनीसँग छलफल गर्दा निश्कर्षमा पुग्न सकिएको



छैन । मुआब्जा दिनसके समस्या समाधान हुन्छ', उनले भने ।

हिमा गाउँपालिका जोड्ने पुल पनि जग्गा विवादका कारण निर्माण कार्य रोकिएको छ ।

कनकासुन्दरी गाउँपालिका गुठिज्यूलाको पुल घरटहराका कारण निर्माण कार्य अगाडि बढ्न सकेको छैन । मुगुको लुम्स पुल निर्माण घर तथा जग्गाका कारण रोकिएको प्रमुख चौधरीले बताए ।

स्थानीय सरकारलाई सहजीकरणका लागि आग्रह गरिएको छ ।

# पर्साको भिखमपुरमा निःशुल्क आँखा शिविर : ३५ मा भेटियो मोतियाबिन्दु



**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, १० पुस

पर्साको धोबिनी गाउँपालिका वडा नम्बर २ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र भिखमपुरमा बिहीबार निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । धोबिनी गाउँपालिकाको आयोजनामा सम्पन्न शिविरको उद्घाटन गाउँपालिका अध्यक्ष मदनप्रसाद चौहानले आफ्नै आँखा परीक्षण गराएर गरेका थिए ।

नारायणी आँखा अस्पताल, वीरगञ्जको प्राविधिक सहयोगमा सञ्चालन गरिएको निःशुल्क आँखा शिविरमा १ सय ५५ जनाले आँखा परीक्षण गराएका थिए । परीक्षणका क्रममा ३५ जना मोतियाबिन्दुका बिरामी फेला परेको गाउँपालिकाका शिक्षा प्रमुख जितेन्द्र चौहानले जानकारी दिए ।

उद्घाटन कार्यक्रममा वडाध्यक्ष देवेन्द्र पटेल, मनौवर अहमद, बन्दु साह तेली, अबास मियाँ चुरिहार, स्वास्थ्य केन्द्र प्रमुख संजय यादव, डाक्टर दीपक राज बिस्ट, धिरज कुमार साह, रामप्रसाद यादव, किशोर यादव लगायत स्थानीयवासीको सहभागिता रहेको थियो ।

शिविरबाट स्थानीय बासिन्दालाई ठुलो सहयोग पुगेको आयोजकले जनाएको छ । विशेषगरी ग्रामीण क्षेत्रका नागरिकहरूलाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन शिविर प्रभावकारी भएको बताइएको छ । यसले स्वास्थ्य सेवाको महत्व र जनचेतनाको आवश्यकता झल्काएको सहभागीहरूको भनाइ छ ।

निःशुल्क आँखा परीक्षणसँगै आवश्यक औषधि पनि वितरण गरिएको थियो । शिविरमा पहिचान भएका मोतियाबिन्दुका बिरामीहरूको नारायणी आँखा अस्पताल, वीरगञ्जमा निःशुल्क शल्यक्रिया गरिने आयोजक संस्थाले जनाएको छ ।

# ई-रिक्सा व्यवस्थापन लागि अध्ययन समिति गठन

**जनकपुरधाम/मस–** जनकपुरधामउपमहानगरपालिकाभित्र चल्ने ई-रिक्साको व्यवस्थापान, सञ्चालन तथा दर्ताको विषयमा भइरहेको समस्या समाधानका लागि पाँच सदस्यीय अध्ययन समिति गठन गरिएको छ ।

बिहीबार जनकपुरधाममा बसेको जिल्लास्थित यातायात व्यवस्था समितिको बैठकले मधेस प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐनअनुसार १५ दिनभित्र उक्त विषयका सन्दर्भमा अध्ययन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नेगरी अध्ययन समिति गठन गरेको हो ।

# सिन्धुलीमा कर्फ्यु

**काठमाडौं/मस–** जिल्ला प्रशासन कार्यालय सिन्धुलीले कर्फ्यु आदेश जारी गरेको छ । बिहीबार बेलुका ८ बजेबाट शुक्रबार बिहान ६ बजेसम्मका लागि कर्फ्यु आदेश जारी गरिएको हो ।




सिन्धुलीको कमलामाई नगरपालिका ४ धुराफाँटमा ३२ वर्षीया सुशीला बम्जनलाई आफ्नै सासु, नन्द र ससुराले पेट्रोल छर्केर आगो लगाई हत्या गरेको विषयलाई लिएर आफन्त र स्थानीय पाँच दिनदेखि आक्रोशित बनेपछि स्थिति नियन्त्रणमा लिन प्रशासनले कर्फ्यु आदेश जारी गरेको हो ।

सिन्धुलीका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले स्थानीय प्रशासन ऐन, २०२८ का दफा ६ (क) बमोजिम कर्फ्यु आदेश जारी गरेकी हुन् । सुशीलाको हत्या भएको घटनालाई लिएर स्थानीयबासीबाट ढुंगामुढा प्रहार तथा हुलदंगा लगायतका गतिविधि हुँदा जिल्लाको शान्ति सुरक्षा व्यवस्थामा खलल पुग्ने देखिएकाले पुस १० गते राति ८:३० देखि शुक्रबार बिहान ६ बजेसम्मका लागि कर्फ्यु आदेश जारी गरिएको बताइएको छ ।

कमलामाई नगरपालिका ४ भित्रको पूर्वमा ग्वाङखोला, पश्चिममा मदन भण्डारी राजमार्ग, उत्तरमा कुमल फाँट र दक्षिणमा धुराबजार चोकसम्म निषेधित क्षेत्र तोकिएको छ । ती स्थानमा सर्वसाधरण तथा अत्यावश्यक बाहेकका सवारी साधन आवतजावतमा रोक लगाइएको छ । त्यस्तै कुनै पनि किसिमको भेला, जुलुस र भेलाजन्य कार्य नगर्न र पाँच जनभन्दा बढी मानिस भेला नहुन आदेशमा भनिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/११ मा दर्ता भएको **प्रा. लि. नं. १८८१८१** को **अल्फा इन्क्रर्पोरेसन इन्भेस्टोभाईजरी प्रा. लि.** को मिति २०८२/०९/०४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**अत्यन्त जरूरी सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त (**श्रम ईजाजत नं.: १३५६/०७४/०७५**) को ठेगाना टोखा-५, काठमाडौंमा अवस्थित **Berjaya Resources Pvt. Ltd.** को नाम दुरुपयोग गरि सामाजिक संजालमा **Wiwynn Technology** कम्पनीको डिमाण्डहरु राखि सोझा साझा व्यक्तिहरुबाट पासपोट तथा रकम संकलन गरेको सुन्नमा आएकोले यस प्रा. लि. को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि. को उक्त कम्पनी सँग कुनै सरोकार नभएको र कहि कतै पनि अन्तरवार्ता समेत नगरेको तथा सामाजिल संजालमा जति पनि डिमाण्डहरु पोष्ट भएको छ सो डिमाण्डहरु यस प्रा. लि. को नभएको जानकारी गर्दछौं साथै **Wiwynn Technology** कम्पनी सँग बैदेशिक रोजगार सम्बन्धी कुने पनि कारोबार नगरेको समेत कुरा जानकारी गराउँदछौं । यदि कसैले गरेको भए यस प्रा. लि. जवाफदेहि नहुने सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Berjaya Resources Pvt. Ltd.**
Gov. Lic. No. 1356/074/075
Tokha-5, Kathmandu, Nepal Tel.: 01-5929789
Email : Info@ berjayaresources.com | Web : Berjayaresources.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
११ पुस २०८२ शुक्रबार
26 December 2025 Friday

## सम्पादकीय

# युवा पलायन रोक

देशको सबैभन्दा पुरानो र ठुलो त्रिवुवन विश्वविद्यालयले बिहीबार विभिन्न तहका ८९ हजार १ सय ९९ विद्यार्थीलाई एकैसाथ दीक्षित गरेको छ । यीमध्ये १६ हजार ३ सय ८० विद्यार्थी दीक्षान्त समारोहमा सहभागिता सहभागी भए । स्नातक, स्नातकोत्तरदेखि पिएचडीसम्मका विद्यार्थीहरूले आफ्नो मेहनत र लगनशीलताबाट प्राप्त प्रमाणपत्र ग्रहण गरे । शिक्षित जनशक्ति एकसाथ दीक्षित भई राज्यका विभिन्न क्षेत्रमा दक्ष जनशक्ति एकसाथ प्रवेश गर्दै छन् । यस सत्रका सर्वोत्कृष्ट विद्यार्थीहरूले गोल्डमेडल ग्रहण गर्दै गरेको प्रतिबद्धताले पनि सकारात्मक सन्देश प्रवाह गरेको छ । उनीहरूसँगै हजारौं युवाहरूले देशभित्रै सम्भावना खोज्ने र राष्ट्र निर्माणमा योगदान गर्ने प्रण गरेका छन् । मिहिनेत, अनुशासन र लगनशीलताजस्ता गुणले शिक्षा र ज्ञानलाई राष्ट्र निर्माणमा लगाउँछ । यही मानव जनशक्ति नै वास्तविक अर्थमा राष्ट्रको पुँजी हो । प्रतिभाशाली युवालाई देशमै अवसर उपलब्ध गराउन सके उनीहरूले स्वास्थ्य, प्रशासन, विज्ञान, सामाजिक सेवा तथा अर्थतन्त्रजस्ता क्षेत्रमा योगदान दिन सक्छन् ।

अहिले नेपालमा योग्य जनशक्तिका लागि पर्याप्त अवसरको कमी छ । सीमित परियोजना, कम पारिश्रमिक र अपर्याप्त संरचनाका कारण पनि दक्ष जनशक्ति विदेश पलायन हुनुपर्ने स्थिति छ । यसले मानव संसाधनमा ह्रास मात्र आएको छैन, समग्र देशकै विकासमा प्रत्यक्ष प्रभाव पारिरहेको छ । केही वर्षयता युवा पलायनको बढ्दो दरले शिक्षित एवं दक्ष जनशक्तिलाई स्वदेशमै रोक्नु ठुलो चुनौती बनेको छ । बाध्यता, लहर र रहरले हरेक दिनजसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट शिक्षा र रोजगारीको खोजी गर्दै बिदेसिने युवाको संख्या बढ्दै गएको छ । यसलाई रोक्न पनि राज्यले प्रस्ट नीति ल्याउनुपर्छ ।

त्रिविबाट दीक्षित युवा देशमै बसेर योगदान दिन तयार छन् । मात्र राज्यले उनीहरूको क्षमताको सही उपयोग गर्ने नीति लिनुपर्छ । त्यसो गर्न सके शिक्षा र अनुसन्धानको गुणस्तर मात्र बढ्दैन, राष्ट्रिय प्रगतिसँगै नवीनता पनि तीव्र वृद्धि हुनेछ । खाडीका मुलुकदेखि युरोप अमेरिका पुगेर आफ्नो क्षमता देखाउन सक्ने नेपाली युवाले उपयुक्त वातावरण पाए स्वदेशमै आफ्नो पौरख देखाउन सक्छन् । त्यसका लागि उनीहरूको ज्ञान र अनुसन्धानलाई नीति, योजना र परियोजनासँग जोड्ने जिम्मेवारी सरकारकै हो ।

शिक्षा हासिल गरेर बिदेसिने प्रवृत्ति रोक्न राज्यले अवसर, मार्गदर्शन र स्वदेशमै सम्भव छ भन्ने भरोसा युवालाई दिलाउन सक्नुपर्छ । दीक्षित युवाको प्रतिबद्धतालाई कार्यान्वयन गर्ने स्थिति आएमा त्यसले समग्र समाज र अर्थतन्त्रमा दीर्घकालीन लाभ पुऱ्याउनेछ । किनभने शिक्षा व्यक्तिगत सफलताको विषय मात्र होइन, यो देशको समृद्धि र नवप्रवर्तनको आधार बन्न सक्छ । योग्य र प्रतिबद्ध युवालाई देशमै राखेर उपयोग गर्नु राज्यको मुख्य प्राथमिकता बन्नुपर्छ ।

# जेनजी विद्रोहबाट सिक्न नसकेको पाठ

*ठुलो प्रश्न भनेको यस्तो विद्रोह जन्मिनुपर्ने अवस्था किन आयो भन्ने हो । यसको उत्तर खोज्नुभन्दा नेताहरू फेरि सत्ता व्यवस्थापन र आन्तरिक शक्ति सन्तुलनमै व्यस्त देखिनु देशका लागि दुर्भाग्यपूर्ण संकेत हो ।*

अग्रलेख



● ईश्वर बुढाथोकी

जेनजी विद्रोह कुनै आकस्मिक घटना थिएन । यो वर्षौंसम्म सञ्चित निराशा, आक्रोश र असन्तोषको विस्फोट थियो । भ्रष्टाचार, बेथिति, जबाफदेहिताको अभाव र पुस्तौंदेखि सत्तामा जकडिएर बसेको राजनीतिक नेतृत्वप्रति युवापुस्ताको स्पष्ट अस्वीकार नै यसको कारण हो । यो विद्रोहले दल र नेताहरूलाई सच्चिन, रूपान्तरण हुन र पुस्तान्तरण स्वीकार गर्न चेतावनी दिएको थियो । तर आन्दोलनको तापक्रम घट्दै जाँदा राजनीतिक दलहरू फेरि पुरानै चाल, पुरानै गति र पुरानै मानसिकतामा फर्किन थालेका छन् । यसले जेनजी विद्रोहको मर्मलाई गम्भीर रूपमा अपमान गरेको छ ।

तत्कालीन प्रधानमन्त्रीले आन्दोलनमा घुसपैठ भएको दाबी गरे पनि विद्रोह किन भयो भन्ने प्रश्नबाट भाग्न सकिँदैन । भदौ २३ र २४ का घटनाले राज्य संयन्त्र, राजनीतिक नेतृत्व र सुरक्षा निकायको असफलता नाङ्गो बनाइदियो । पहिलो दिनको हिंसात्मक दमन र दोस्रो दिनको अराजक विध्वंस दुवै अस्वीकार्य छन् । यी घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाही अनिवार्य छ । तर त्योभन्दा ठुलो प्रश्न भनेको यस्तो विद्रोह जन्मिनुपर्ने अवस्था किन आयो भन्ने हो । यसको उत्तर खोज्नुभन्दा नेताहरू फेरि सत्ता व्यवस्थापन र आन्तरिक शक्ति सन्तुलनमै व्यस्त देखिनु देशका लागि दुर्भाग्यपूर्ण संकेत हो ।

नेपाली कांग्रेसभित्र विद्रोहपछिको आत्मालोचना सतहीमै सीमित देखिन्छ । केही नेताले सुधार र पुस्तान्तरणको कुरा गरे पनि व्यवहारमा नेतृत्व हस्तान्तरणको कुनै स्पष्ट संकेत देखिँदैन । सभापतिले कार्यवाहक तोक्नु औपचारिक प्रक्रिया भए पनि वास्तविक सत्ता उही केन्द्रमा सीमित छ । महाधिवेशनको मिति तोके पनि कार्यकर्तालाई अन्योलमा राख्ने प्रवृत्तिले पार्टीभित्रको लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाइरहेको छ । नेतृत्वले चुनावी प्रक्रियालाई आफू अनुकूल प्रयोग गर्ने संकेत गर्दा पार्टीको भविष्यप्रति गम्भीर प्रश्न उठेको छ । विगतमा समयमै निर्णय लिन नसक्दा कांग्रेसले भोगेको क्षतिको उदाहरण प्रशस्त छन्, तर त्यसबाट सिक्ने तत्परता देखिँदैन ।

एमालेमा औपचारिक रूपमा महाधिवेशन सम्पन्न भए पनि नेतृत्व परिवर्तन होइन, नेतृत्व पुनरावृत्ति मात्र भएको छ । एक व्यक्ति केन्द्रित पार्टी संरचनाले वैकल्पिक नेतृत्वलाई उमार्न नदिएको इतिहास दोहोरिएको छ । विगतमा नेतृत्वमा दाबी गर्नेहरू क्रमशः बाहिरिन बाध्य भएको उदाहरणले पार्टीभित्रको असहिष्णु राजनीतिक संस्कृतिलाई देखाउँछ । जेनजी विद्रोहअघि नै एमालेभित्र चलिरहेको आन्तरिक द्वन्द्व, पूर्व राष्ट्रपतिलाई सक्रिय राजनीतिमा ल्याउने बहसजस्ता विषयले पार्टी अझै शक्ति संघर्षमै अल्झिएको प्रमाणित गर्छ । युवापुस्ताको अपेक्षा नीति, विचार र व्यवहारमा नयाँपन हो, तर त्यहाँ पुरानै शैलीको निरन्तरता देखिन्छ ।

नाम फेरिएको नेपाली कम्युनिस्ट पार्टी झन् जटिल अवस्थामा छ । सशस्त्र द्वन्द्व, शान्ति प्रक्रिया र गणतन्त्र स्थापनाको नेतृत्व गरेको पार्टी आज आफ्नै पहिचान गुमाउँदै गएको देखिन्छ । विभिन्न वाम दलबिच एकताको नाममा बनेका संरचनाहरू व्यवहारमा केही नेताको शक्ति जोगाउने माध्यम मात्र बनेका छन् । शीर्ष नेतृत्व सर्वेसर्वा बन्ने प्रतिस्पर्धामा सहयोद्धाहरूलाई पाखा लगाइएको गुनासो बढ्दो छ । भ्रष्टाचारको आरोप खेपिरहेका नेताहरू नै उच्च पदमा रहिरहनुले नैतिकताको प्रश्न उठाएको छ । यस्तो अवस्थामा युवापुस्ताले माओवादीबाट नयाँ राजनीतिक आशा गर्नु कठिन हुँदै गएको छ ।

परम्परागत दलहरूलाई विकल्प दिने भन्दै उदाएका नयाँ दलहरू पनि अहिले उस्तै समस्यामा फसेका छन् । भ्रष्टाचारविरुद्धको नारा बोकेर उदाएको दल स्वयं सहकारी घोटाला र कानुनी विवादमा फसेपछि त्यसको नैतिक आधार कमजोर बनेको छ । कानुनले स्वतः निलम्बनको व्यवस्था गरे पनि व्यवहारमा नेतृत्व हस्तान्तरण प्रभावकारी देखिँदैन । यसले 'हामी फरक छौं' भन्ने दाबीलाई खोक्रो बनाइदिएको छ । स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित मेयरहरू पनि आलोचनाबाट मुक्त छैनन् । लोकप्रियताका भरमा आएका नेताहरू संस्थागत राजनीति र दीर्घकालीन सोचमा चुकेको उदाहरण देखिन थालेका छन् ।



यी सबै परिदृश्यको साझा सूत्र भनेको नेतृत्वमा पुस्तान्तरण र रूपान्तरणको अभाव हो । पुरानै नेतृत्व वरिपरि घुमिरहने दलहरूमा विधि, प्रक्रिया र पद्धतिको अभ्यास कमजोर हुँदै जान्छ । जुन पुस्ता र नेतृत्वले दशकौंसम्म अवसर पाउँदा पनि अपेक्षित परिणाम दिन सकेन, त्यही नेतृत्वबाट अब चमत्कार हुन्छ भन्ने विश्वास गर्न सकिँदैन । विगतका आन्दोलन र परिवर्तनपछि पनि यही पुस्ताले सत्ताको चास्नी छोड्न नसक्दा आजको असन्तोष जन्मिएको हो ।

इतिहास हेर्दा, नेपालमा परिवर्तनका निर्णायक घडीहरूमा अपेक्षाकृत नयाँ पुस्ताले जिम्मेवारी पाएको उदाहरण भेटिन्छ । २००७ सालको परिवर्तनपछि अन्तरिम सरकारमा युवा नेताहरूको उल्लेख्य उपस्थिति थियो । विश्वेश्वरप्रसाद कोइराला जस्ता नेताले कम उमेरमै गम्भीर जिम्मेवारी वहन गरे र त्यसले राजनीतिक गतिशीलता दिएको थियो । २०४६ सालपछि पनि नयाँ अनुहारहरू सरकारमा आएका थिए । तर समय बित्दै जाँदा तिनै नेताहरू सत्तामा स्थायी हुन थाले र नयाँ पुस्ताका लागि ढोका साँघुरो बन्दै गयो ।

आज शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपालजस्ता नेताबाट जनताले के अपेक्षा गर्ने भन्ने प्रश्न स्वाभाविक छ । २०७९ सालको चुनावमै 'नो नट अगेन' को सन्देश स्पष्ट थियो । जेनजी विद्रोहका बेला धेरै नेता सार्वजनिक रूपमा नदेखिनु, सुरक्षा खोज्नु र मौन बस्नु जनताले बिर्सन सक्ने विषय होइन । जनताको मत पाउनु र जनताको विश्वास जित्नु फरक कुरा हो भन्ने तथ्य त्यहीँ प्रमाणित भइसकेको छ ।

> *जेनजी विद्रोहले दिएको सन्देश स्पष्ट छ– अब पुरानै गतिमा देश चल्न सक्दैन । नेतृत्वले आत्मालोचना गर्दै सम्मानजनक अवकाशको बाटो खोल्नुपर्छ र नयाँ तथा ऊर्जावान् पुस्तालाई अवसर दिनुपर्छ । त्यो जोखिम जस्तो देखिए पनि दीर्घकालीन रूपमा यही बाटो देशको निकास हो ।*

काम गर्न नसक्ने पुस्ताले ठाउँ ओगटिरहँदा असन्तुष्टि बढ्नु स्वाभाविक हो । आफू असफल भएर पनि नयाँलाई छेकिरहने प्रवृत्तिले न त भ्रष्टाचारको जरा उखेलिन्छ, न त बेथिति अन्त्य हुन्छ । भ्रष्टाचार सत्ताको निरन्तरता र सत्तामा सीमित समूहको पकडसँग गहिरो रूपमा जोडिएको छ । जबसम्म दलहरू विधि, प्रक्रिया र पद्धतिमा चल्दैनन्, तबसम्म सुशासन केवल नारामै सीमित रहन्छ । जेनजी विद्रोहले दिएको सन्देश स्पष्ट छ- अब पुरानै गतिमा देश चल्दैन । नेतृत्वले आत्मालोचना गर्दै सम्मानजनक अवकाशको बाटो खोल्नुपर्छ र नयाँ तथा ऊर्जावान् पुस्तालाई अवसर दिनुपर्छ । त्यो जोखिम जस्तो देखिए पनि दीर्घकालीन रूपमा यही बाटो देशको निकास हो । अन्यथा, असन्तोषको आगो फेरि बल्नेछ, र त्यसको जिम्मेवारी इतिहासले यही नेतृत्वमाथि थोपर्नेछ ।

## इतिहासमा आज

२६ डिसेम्बर १९९१ मा सोभियत संघको बैठक बस्यो र औपचारिक रूपमा सोभियत संघलाई विघटन गऱ्यो, जससँगै शीतयुद्धको अन्त्य भयो ।



२६ डिसेम्बर १९९९ मा लोथर आँधीले मध्य युरोपभर ठुलो असर गऱ्यो, जसले १३७ जनाको मृत्यु भयो भने १.३ अर्ब अमेरिकी डलरको क्षति भयो ।



२६ डिसेम्बर २००६ मा ताइवानको हेङचुनमा ७.० र ६.९ म्याग्निच्युडका दुई भूकम्पमा २ जनाको मृत्यु भएको थियो, एसियाभरि दूरसञ्चार अवरुद्ध भएको थियो ।



२६ डिसेम्बर २०१२ मा चीनले बेइजिङ र ग्वाङ्झाउलाई जोड्ने विश्वको सबैभन्दा लामो उच्च-गतिको रेल मार्ग खोलेको थियो ।



# संक्रमणकाल र निकास

विचार



● नारायण शर्मा

> *संकटभित्र सम्भावनाको बिउ पनि लुकेको हुन्छ । इतिहासले देखाएको छ, गहिरो अन्धकारकै बीचबाट नयाँ उज्यालो जन्मिन्छ । प्रश्न हो- के नेपाली समाजले यो पीडादायी प्रसवलाई सचेत, जिम्मेवार र दूरदर्शी ढंगले पार गर्न सक्ला ?*

अहिले नेपालको राजनीतिक अवस्था सामान्य संक्रमणकाल मात्र नभई गहिरिँदो संकटको चरणमा प्रवेश गरिसकेको छ । संसद विघटन र चुनाव, पार्टी विभाजन र पुनर्गठनजस्ता घटनाहरू सतहमा फरक-फरक देखिए पनि भित्री रूपमा एउटै शक्ति, एउटै प्रवृत्ति र एउटै सत्ता केन्द्रित मानसिकताबिचको संघर्षका अभिव्यक्ति हुन् । यी घटनाहरूले देशलाई निरन्तर अस्थिरता, अन्योल र भयतर्फ धकेलिरहेका छन् । अवस्था यस्तो बन्दै गएको छ कि यो संकट स्वयं अर्को अझ ठुलो संकटतर्फ उन्मुख भइरहेको देखिन्छ । त्यसैले वर्तमान समयलाई साधारण राजनीतिक उतारचढावको रूपमा होइन, राष्ट्रिय भविष्यसँग प्रत्यक्ष जोडिएको अत्यन्त संवेदनशील र निर्णायक कालखण्डका रूपमा बुझ्न आवश्यक छ ।

यो अवस्था महिलाको प्रसव पीडासँग तुलना गर्न सकिन्छ । प्रसवकाल अत्यन्त पीडादायी हुन्छ, तर त्यसैबाट नयाँ जीवन जन्मिन्छ । सही उपचार, सावधानी र जिम्मेवारी अपनाइएमा स्वस्थ शिशुको जन्म सम्भव हुन्छ, तर लापरवाही र अज्ञानताले आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्न सक्छ । नेपाल अहिले ठीक यही मोडमा उभिएको छ । यो कालले नयाँ सम्भावनाको ढोका खोल्न सक्छ, तर गलत निर्णय, स्वार्थी व्यवहार र अवसरवादले देशलाई दीर्घकालीन पतनतर्फ पनि लैजान सक्छ ।

अर्को शब्दमा भन्नुपर्दा यो अन्तरिम काल हो । अन्तरिम काल भनेको पुरानो व्यवस्था, पुराना व्यक्ति, पुराना मूल्य र कार्यशैलीबाट जनता पूर्ण रूपमा दिक्क भइसकेको अवस्था हो । जनताले परिवर्तन चाहेका छन्, नयाँ विकल्प खोजिरहेका छन्, तर त्यो विकल्प अझै सामूहिक सहमतिका रूपमा स्थापित भइसकेको छैन । यही कारणले समाज असमञ्जस, तनाव र अनिश्चितताबाट गुज्रिरहेको छ । यस्तो अवस्थामा देश अग्रगमनतर्फ जान्छ कि पश्चगमनतर्फ, क्रान्ति सशक्त बन्छ कि प्रतिक्रान्तिले टाउको उठाउँछ, न्याय स्थापित हुन्छ कि अन्याय संस्थागत हुन्छ, शान्ति स्थायी हुन्छ कि द्वन्द्व पुनः जन्मिन्छ भन्ने प्रश्नहरू खुला रहन्छन् ।

नेपालको पछिल्लो संक्रमणकाल अस्वाभाविक रूपमा लामो र पीडादायी बन्दै जानुको मूल कारण जनता र नेतृत्वबीचको चेतनाको गहिरो अन्तर हो । जनताको चेतना अपेक्षाकृत अग्रगामी, परिवर्तनमुखी र न्यायप्रेमी हुँदै गएको छ, तर नेतृत्वको ठुलो हिस्सा अझै पनि पुरानै सत्तामोह, स्वार्थ र प्रतिक्रान्तिकारी मानसिकतामा अल्झिएको देखिन्छ । शोषित र उत्पीडित वर्गहरूमा संघर्ष गर्ने चाहना, साहस र बलिदानको भावना देखिए पनि शासक वर्गमा सम्झौतावादी, आत्मसमर्पणवादी र अवसरवादी प्रवृत्ति हाबी भएको छ । यी दुई शक्तिबीचको अन्तर्विरोधलाई गुणात्मक रूपमा समाधान गर्न नसक्नु नै संकट लम्बिनुको प्रमुख कारण हो ।

यसका साथै, नेतृत्व तहमा देखिएको वैचारिक विचलन, नैतिक पतन र व्यवहारिक भ्रष्टाचारले अवस्थालाई झन् जटिल बनाएको छ । अन्यायपूर्ण निर्णय, अविवेकी कदम, सत्ताको दुरुपयोग, व्यक्तिगत स्वार्थका लागि जनविश्वासको घात, दलाली र गद्दारीपूर्ण व्यवहारले राजनीतिक प्रणालीप्रति जनताको आस्था कमजोर बनाएको छ । जनता मात्र होइन, परिवर्तनका पक्षधर कार्यकर्ता र समर्थकहरू समेत भ्रमित र निराश बन्दै गएका छन् । जब नेतृत्व आफैं सिद्धान्त र व्यवहारबीचको दूरी घटाउन असफल हुन्छ, तब परिवर्तनको यात्राले सही दिशा लिन सक्दैन ।

आजको नेपालमा देखिएको संकट केवल राजनीतिक मात्र होइन । यसको असर सामाजिक, आर्थिक र सांस्कृतिक सबै क्षेत्रमा फैलिएको छ । भ्रष्टाचार, दण्डहीनता, असमानता र अन्याय सामान्य जस्तै बनेका छन् । राष्ट्रिय स्वाभिमान र आत्मनिर्णयको प्रश्न कमजोर बन्दै गएको छ । यस्तो अवस्थामा संक्रमणकाल टुंगिनु पर्नेमा उल्टै अझ गहिरो र विकराल बन्दै जानु स्वाभाविक देखिन्छ । यसको जिम्मेवारी बाह्य शक्तिभन्दा बढी आन्तरिक नेतृत्व, नीति र चरित्रसँग जोडिएको छ ।

तर यही संकटभित्र सम्भावनाको बीउ पनि लुकेको हुन्छ । इतिहासले देखाएको छ कि गहिरो अन्धकारकै बीचबाट नयाँ उज्यालो जन्मिन्छ । प्रश्न हो- के नेपाली समाजले यो पीडादायी प्रसवलाई सचेत, जिम्मेवार र दूरदर्शी ढंगले पार गर्न सक्ला ? के नेतृत्वले आत्मालोचना गर्दै जनताको पक्षमा उभिन सक्छ ? यदि पुराना विकृति, गलत प्रवृत्ति र स्वार्थी चरित्रलाई सच्याइएन भने यो महासंकटकाल देशका लागि विनाशकारी बन्न सक्छ । तर यदि यही समयलाई आत्मपरिवर्तन, वैचारिक स्पष्टता र सामूहिक प्रतिबद्धताको अवसर बनाइयो भने नेपाल नयाँ युगतर्फ अघि बढ्न सक्छ । आजको संघर्ष केवल सत्ता वा पार्टीको होइन, देशको भविष्य तय गर्ने ऐतिहासिक संघर्ष हो ।

## सामाजिक सञ्जाल



बिमल पोखरेल

मिटर ब्याज पीडितहरूले काठमाडौंको सडकमा विरोध प्रदर्शन गरे । रत्नपार्कमा राति सभा थियो । कुनै समाचार बनेन । किन ? शिखण्डेहरूको सरकारमाथि प्रश्न उठ्छ भन्ने ठुलो डर छ सम्पादकहरूलाई ! कथित जेनजीको जस्तोसुकै समाचार बन्ने, मिटर ब्याज पीडितको नबन्ने ! नेपाली मिडिया पतनको पराकाष्ठा नाघ्दै छ !



धर्मेन्द्र जोशी

लहैलहैमा लागेर सिंहदरबार जल्यो । अदालत जल्यो । प्रतिनिधिसभा विघटन भयो । निजी सम्पत्तिमाथि आक्रमण भयो । मागबमोजिम चुनाव घोषणा भयो । अब चुनाव विरोधी कुराहरू हुँदै छन् । राष्ट्रिय झन्डा गलामा भिर्न नछोडौं तर लहैलहैमा नलागौं, गोटी नबनौं । इतिहास, अग्रजहरू र प्राप्त उपलब्धिहरू माथि गर्व गरौं ।



सेतेमान तामाङ

विषम परिस्थितिमा चुनावको विकल्प खोज्नु देश हिंसा भड्काउन दिनेतर्फ धकेल्नु हो । जब शान्तिपूर्ण चुनावी महौल बनाउँदैन वा चुनाव सार्ने षड्यन्त्र गर्छ, त्यति नै भूराजनीतिक प्रभाव बढ्दै जान्छ र देशमा अस्थिर, अराजकता र असहिष्णुता बढाउने समूहलाई प्रयोगशाला बन्न दिनु हो ।



प्रेम घर्ती मगर

नेपालमा राजतन्त्र ब्युँताउनका लागि यदि कोही बाधक भने, त्यो राजावादी पार्टी राप्रपा नै हो, जसले राजा, राजतन्त्र र हिन्दु राष्ट्रको एजेन्डा बोकेर गणतान्त्रिक सरकारबाट फाइदा लिइरहेको छ । यदि यिनीहरू साँच्चिकै राजतन्त्रको वकालत गर्थे भने, अहिले परिस्थिति अर्कै भइसक्थ्यो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# नेपाली जनसम्पर्क समिति साउदी अरबको तेस्रो अधिवेशन आज

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, साउदी अरब, १० पुस

'राष्ट्रियता, लोकतन्त्र र समाजवाद, देश विकासमा युवाको हात'भन्ने मूल नाराका साथ नेपाली जनसम्पर्क समिति साउदी अरबको तेस्रो राष्ट्रिय अधिवेशन-२६ डिसेम्बर, आज रियादमा आयोजना हुने भएको छ।

प्रवासमा रहेका नेपाली कांग्रेसका शुभेच्छुकहरूको साझा संस्था जनसम्पर्क समितिले बथास्थित डिमोरा होटलमा एक भव्य समारोहबीच अधिवेशन गर्न लागेको हो।

यस अधिवेशनको मुख्य आकर्षणको रूपमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं नेपाली जनसम्पर्क समिति समन्वय विभाग प्रमुख किरणराज शर्मा पौडेल रहनेछन्। प्रमुख अतिथि पौडेलकै विशेष उपस्थितिमा संगठनको भावी रणनीति र नयाँ नेतृत्व चयनका विषयमा घनीभूत छलफल हुने आयोजकले जनाएको छ।




नेपाली कांग्रेसको वैदेशिक समन्वय विभागको जिम्मेवारी सम्हालेपछि पौडेल पहिलोपटक साउदी अरबको अधिवेशनलाई सम्बोधन गर्न यहाँ आउन लागेका हुन्।

समितिले साउदी अरबमा क्रियाशील विभिन्न संघ-संस्था, व्यवसायी, बुद्धिजीवी, समाजसेवी तथा मिडियाकर्मीहरूलाई उक्त दिन गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गरेको छ। अधिवेशनको व्यस्तता र समय व्यवस्थापनलाई मध्यनजर गर्दै प्रमुख अतिथि किरणराज शर्मा पौडेलसँग अन्तर्वार्ता लिन चाहने स्थानीय नेपाली सञ्चारकर्मी तथा युट्युबरहरूलाई पहिले नै समितिसँग समन्वय गर्न समेत आग्रह गरिएको छ।

साथै, सोही दिन अन्य कुनै पनि नेपाली संघ-संस्थाहरूलाई कार्यक्रम नजुधाइदिन समितिले विनम्र अनुरोध गरेको छ। डिसेम्बर २६ को दिउँसो १२ बजेबाट सुरु हुने यस अधिवेशनले साउदी अरबमा रहेका नेपाली कांग्रेसमा आस्थावान् समुदायमा नयाँ उत्साह थप्ने विश्वास लिइएको छ।

# ६ वर्षीय बालकको शितगंगा नगरपालिकाद्वारा उद्धार

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १० पुस

आर्थिक अभावका कारण लामो समयदेखि उचित उपचार नपाएका अर्घाखाँचीको शितगंगा नगरपालिका-९, सिद्दाराका ६ वर्षीय बालक हिम्मत पोखेलको शितगंगा नगरपालिकाले उद्‌वार गरी थप उपचारको व्यवस्था गरेको छ।

करिब पाँच महिनादेखि लगातार ज्वरोका कारण थलिएका बालक हिम्मतको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको जानकारी पाएपछि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाको पहलमा तत्काल उद्‌वार गरिएको हो। आर्थिक समस्याका कारण समयमै उपचार गराउन नसक्दा बालकको अवस्था जटिल बनेको सापकोटाले जानकारी दिए।




बालकका बुबा गणेश पोखेलका अनुसार यसअघि छोराको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार गराइएको थियो। तर उपचारपछि पनि स्वास्थ्यमा सुधार नआएपछि अवस्था झन् जटिल बन्दै गयो। निरन्तर उपचारका लागि आवश्यक आर्थिक स्रोत जुटाउन नसकिएपछि परिवारले प्रमुख प्रशासकीय अधिकृत सापकोटासँग सहयोगको लागि सम्पर्क गरेको थियो।

अवस्था गम्भीर भएपछि अभिभावकले बालकलाई शितगंगा नगरपालिका अन्तर्गतको ठाडा प्राथमिक उपचार केन्द्रमा ल्याएका थिए। त्यहाँ गरिएको प्रारम्भिक जाँचमा अवस्था जटिल देखिएपछि थप उपचारका लागि बुटवलस्थित आम्दा बाल अस्पतालमा पठाइएको नगरपालिकाले जनाएको छ।

बालकको अवस्था गम्भीर रहेको जानकारी पाएलगत्तै प्रमुख प्रशासकीय अधिकृत सापकोटाले तत्काल १० हजार रुपैयाँ नगद सहयोग उपलब्ध गराउँदै थप सहयोगका लागि सामाजिक सञ्जालमार्फत सबैलाई अपिल गरेका थिए। शितगंगा नगरपालिकाको स्वास्थ्य शाखाले सम्बन्धित चिकित्सकसँग समन्वय गरी समयमै उपचार सुनिश्चित गरेको स्वास्थ्य शाखा सहायक लक्ष्मण पौडेलले बताए।

अर्घाखाँची जाने क्रममा बालकको अवस्था प्रत्यक्ष देखेपछि काठमाडौंका युवा समाजसेवी तुरुप संग्रौलाले पनि मानवीय आधारमा सक्दो आर्थिक सहयोग गरेका छन्। साथै, प्रमुख प्रशासकीय अधिकृत सापकोटाको अनुरोधमा शितगंगा नगरपालिका-३ निवासी समाजसेवी नारायण सिंह बेल्बासेले बालकको उपचारका लागि ४ हजार १ सय ५१ रुपैयाँ सहयोग गरेका छन्।

मानवीय कार्यमा सक्रिय भूमिका खेलेको भन्दै स्थानीय नागरिकहरूले प्रमुख प्रशासकीय अधिकृत सापकोटाको प्रशंसा गरेका छन्।

# नेकपा रुकुम पश्चिमबाट गोपाल शर्माको नाम एकल सिफारिस




**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १० पुस

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) रुकुम पश्चिमले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ गोपाल शर्मालाई उम्मेदवार सिफारिस गरेको छ। पार्टीको सेरिगाउँस्थित कार्यालयमा बिहीबार बसेको बैठकले युवा नेता तथा नेकपाका केन्द्रीय सदस्य शर्मालाई एकल उम्मेदवारका रूपमा सिफारिस गर्ने निर्णय गरेको हो। बैठकको अध्यक्षता जिल्ला संयोजक गोविन्द रोकाले गरेका थिए।

पार्टी नेता सचिन रोकाका अनुसार मुसिकोटमा सम्पन्न बैठकले सर्वसम्मत रूपमा शर्माको नाम सिफारिस गरेको हो। शर्मा पार्टीका प्रभावशाली वक्ताका रूपमा चिनिन्छन्। उनी जनयुद्धकालदेखि विद्यार्थी राजनीतिमा सक्रिय हुँदै राष्ट्रिय राजनीतिमा उदाएका नेता हुन्। शर्मा २०७४ सालको प्रदेशसभा निर्वाचनमा रुकुम पश्चिम 'क' बाट निर्वाचित भएका थिए। उनले कर्णाली प्रदेश सरकारमा अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्दै सक्षम र प्रभावशाली मन्त्रीका रूपमा पहिचान बनाएका थिए।

# उदयपुरमा जंगली हात्ती गाउँ पस्दा १२ घरधुरीमा क्षति



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १० पुस

उदयपुरमा जंगली हात्तीको बथान गाउँ पस्दा १२ घरधुरीमा क्षति पुगेको छ। पुस ७ र ९ गते त्रियुगा नगरपालिका अन्तर्गतका विभिन्न वडामा जंगलबाट आएका जंगली हात्तीहरूले स्थानीयवासीका घर तथा भान्साघरमा तोडफोड गरेका हुन्।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार त्रियुगा नगरपालिका वडा नम्बर ५ बेलचौरी, वडा नम्बर ६ मोहनपुर तथा वडा नम्बर ७ चकलघाट क्षेत्रमा हात्तीको बथान प्रवेश गरी घर, भान्साघर भत्काउनुका साथै अन्नपात र खानेपानीका पाइपसमेत नष्ट गरेको छ। उक्त घटनाबाट करिब १ लाख ४० हजार रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ।

हात्तीको आक्रमणपछि स्थानीयवासीहरू त्रसित बनेका छन्। वन क्षेत्र नजिकका बस्तीमा जंगली जनावरको जोखिम बढ्दै गएपछि सुरक्षाका लागि सम्बन्धित निकायले आवश्यक पहल गर्नुपर्ने माग स्थानीयवासीले गरेका छन्। जिल्ला प्रशासन र प्रहरीको टोलीले घटनाबारे थप अनुगमन तथा क्षतिको विवरण संकलन गरिरहेको जनाएको छ।

**काठ दाउरा बिक्रि लिलाम सम्बन्धि २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित २०८२/९/११ गते**

कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वडा नं. ११ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०८१/२०८२ मा सकंलन भएर उत्पादन भै सामुदायिक वनको घाटगद्दिमा रहेको साल जात काठ १४२ गोलिया थान १११६.७६ क्यु. फिट, जम्मा काठ १४२ गोलिया थान १११६.७६ क्यु. फिट काठ, सालको दाउरा २ चट्टा, सामुदायिक वनको घाटगद्दिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकासन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।
विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.सको कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ।

**श्री पाँचपकरिया सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी न.पा ११, कैलाली**

**माईग्रेशन सर्टिफिकेट हराएको सूचना**

काठमाडौंको कपन देखी रत्नपार्क सम्म जान क्रममा २०८२/०८/१५ गते मेरो निम्न व्यहोरा भएको +२ को माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने माहानुभावले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन विनम्र अनुरोध गर्दछु।

**Name : Indrajit Shah**
**Reg No. : 772750270**
**Migration No: M418298**
**Mobile: 9828845309**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/११**

**यचु हस्पिटालिटी म्यानेजम्यान्ट** को मिति २०८२/०८/०५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्रिपल फाइभ हस्पिटालिटी म्यानेजमेन्ट (दर्ता नं.: ३६८६०९)** कायम गर्ने गरी मिति २०८२/०८/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कतारमा रोजगार**

कम्पनीः **AL SRAIYA SECURITY SERVICES** शहरः **DOHA**
पूर्व स्वीकृत मितिः २०८२/०५/०४ चलानी नं.: ६०२४३४८७ LT. No.: 329517 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 2 | | 1300 | ५१,१२९ | | | | | | | |
| 2. | Driver | 5 | 0 | | 2500 | ९८,३२५ | | | | | | | |
| 3. | Female Security Guards | 0 | 9 | सम्बन्धित काममा दक्ष | 1800 | ७०,७९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 4. | Male Cleaner/helper | 2 | 0 | | 1300 | ५१,१२९ | | | | | | | |
| 5. | Male Security Guards | 141 | 0 | | 1800 | ७०,७९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १८ गते (2 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ROYAL OVERSEAS NEPAL
**रोयल ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत नं. १६६/०५६/०५७ लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३

# बबई नदीमा १० वटा घडियाल गोहीका बच्चा छाडियो



**दीपकलाल श्रेष्ठ/मध्यान्ह**
बर्दिया, १० पुस

बर्दिया राष्ट्रिय निकुञ्जमा हुर्काइएका १० वटा घडियाल गोही बबई नदीको परेवा ओढारमा छाडिएको छ।

वन तथा वातावरण मन्त्रालयका सचिव गोविन्द प्रसाद शर्मा समेत उपस्थित एक कार्यक्रममा बबई नदीमा बुधबार १०वटा गोहीका बच्चा प्राकृतिक बासस्थानमा छाडिएको हो।

बर्दिया राष्ट्रिय निकुञ्जको ठाकुरद्वारास्थित घडियाल प्रजनन् केन्द्रमा हुर्काइएका चार वर्ष उमेरका पाँच पोथी र पाँच भाले गरी १० घडियाल बबई नदीमा छाडिएको निकुञ्जका सूचना अधिकारी तथा वरिष्ठ सहायक संरक्षण अधिकृत सरोजमणि पौडेलले बताए।

हाल घडियाल प्रजनन् केन्द्रमा ठुला १ सय ५० र साना ७० गरी जम्मा २ सय २० घडियाल संरक्षणमा रहेका छन्। नेपाल सरकारले वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार घडियाललाई संरक्षित वन्यजन्तुको सूचीमा सूचीकृत गरेको छ।

निकुञ्जका अनुसार कर्णाली र बबई नदी प्रणालीमा प्राकृतिक रूपमा भेटिने घाइते घडियाल, नदी किनारमा फेला पर्ने बेवारिसे अण्डा तथा जोखिममा रहेका भाले-पोथीलाई केन्द्रमा ल्याइ उचित स्याहार-सम्भार गरिँदै आइएको छ। घडियाल पुनःस्थापनाबाट घडियालको संख्या वृद्धि हुनुका साथै नदी प्रणालीमा जैविक सन्तुलन कायम गर्न महत्वपूर्ण योगदान पुगेको निकुञ्जले जनाएको छ। यही असोज ३० गते पनि १० वटा घडियाल गोही बर्दिवास निकुञ्जभित्रकै खौराहा खोलामा छाडिएको थियो।

# त्रिमुल नेपाल पार्टीको उपत्यका भेला राकेश श्रेष्ठको संयोजकत्वमा समिति गठन



**काठमाडौं/मस-** त्रिमुल नेपाल पार्टीले उपत्यकाव्यापी बृहत् भेला गरेको छ। भेलाले राकेश श्रेष्ठको संयोजकत्वमा १५ कार्यसमिति सदस्य गठन गरेको छ। सहसंयोजकमा रमेश दाहाललाई चयन गरिएको छ। यस्तै सदस्यहरुमा मिलन दाहाल, राजकुमार तामाङ, ध्रुव किराती, बसन्त तामाङ, विराज श्रेष्ठ, नरेन्द्र महर्जन, नारायण कार्की, गोकुल भण्डारी, रमेश तामाङ, देवी भण्डारी, उमेश अधिकारी, देवराज डाँगी, दिनेश प्रसाद अधिकारी चयन भएका छन्।

त्रिमुल नेपालका संगठन ब्यूरो प्रमुख मदन महर्जनको अध्यक्षतामा भएको भेलामा पार्टीका केन्द्रीय सदस्य रामबहादुर थापाले देशमा देखिएका समस्या समाधान गर्नको लागि त्रिमुल पार्टी पछि नहट्ने बताए। त्यसका लागि युवा समुहहरु जाग्नुपर्ने उनको भनाइ छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

उपरोक्त विषयनुसार कम्पनी ऐन बमोजिम दर्ता **प्रा.लि.नं.: १९६७९३/०७५/०७६ र दर्ता मिति २०७५/०४/१७ भएको लुम्बिनी कृषि पशु विकास अनुसन्धान प्रा.लि.** कम्पनीको विशेष साधारसभाद्वारा मिति २०८२/०९/०९ का निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वोच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमका लेनदेन, वांकी वक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निमन लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

**सामाजिक विकास कार्यालय कालीकोट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२।०९।११**

यस कार्यालयको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार अन्तिम समयमा प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिलका बोलपत्रदाता न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ।

| S.N. | IFB No. | Discription Of Items Works | Bidders Names | Bid Price (including Vat) |
|---|---|---|---|---|
| 1 | SDO/KKT/W/ NCB/06/2082/083 | Bhramakumari Ishwariya Bishwabidhyalaya Bhwan tatha Park Nirman Karya, Khandachakra Municipality-01 Kalikot. | Udhav Nirman Sewa. | 21,77,496.09 |
| 2 | SDO/KKT/W/ NCB/07/2082/083 | Jestha Nagarik Bhwan Nirman tatha Marmat Karya, Khandachakra Municipality-03 Tadi Kalikot. | Parash Nirman Sewa | 21,75,208.34 |
| 3 | SDO/KKT/W/ NCB/08/2082/083 | Construction Of School Building Work at Shree Kalika Aa.Vi. Tilagupha Municipality-11 Kamkhet Kalikot. | Dharti Nirman Sewa | 26,04.419.03 |
| 4 | SDO/KKT/W/ NCB/09/2082/083 | Construction Of School Playground Work at Shree Mahadev Ma.Vi. Shubhakalika Rural Municipality-04 Kalikot. | Udhav Nirman Sewa. | 23,16,858.21 |
| 5 | SDO/KKT/W/ NCB/10/2082/083 | Construction Of Dharti Foundation Tuhura Balbalika Awashiya Bhwan Nirman Khandachakra Mun.-01 Kalikot. | Dharti Nirman Sewa | 48,47,196.12 |
| 6 | SDO/KKT/W/ NCB/11/2082/083 | Construction Of School Building Work at Shree Saraswati Gurukul Aa.Vi. Khandachakra Municipality-01 Kalikot | Namaste Nirman sewa | 27,79,977.70 |

**Office Chief**

**Invitation for Sealed Quotation**

**Manavsewa Ashram**
**(Non –Government organization)**

**Invitation for Sealed Quotation for the Completion and finishing of Kitchen and Dining Block of Lamjung**

**Contract ID No.: MSA/07/2082/83**
**Date of Publication: 2082/09/11 B.S. (Dec. 26, 2025 A.D.)**

1. **Manavsewa Ashram** Invitation for Bids for the project "***Completion and finishing of Kitchen and Dining Block of Manavsewa Ashram"*** at Manavsewa Ashram Lamjung
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on the Manavsewa Ashram website.
3. A Bidder may purchase the Bidding Documents from our office at Raniban, Nagarjun (Kathmandu) and Branch Office Besisahar, Lamjung by submitting a written application along with a copy of the company/firm registration certificate, VAT certificate, and Tax Clearance certificate up to FY 2081/82, and upon payment of a non-refundable fee of NPR 1,000.00 (One Thousand Rupees Only). In case the Tax Clearance Certificate has not yet been obtained due to valid reasons, the Bidder shall submit documentary evidence of having tax time-extension from the concerned tax authority.

**Information to deposit the cost of bidding document in Bank:**
Account Name : Manavsewa Ashram – Procurement Department
Bank Name : NMB Bank
Bank Address : Hetauda, Makawanpur
Account Number : 0900076447800027

6. The Bidder must submit hard copies of sealed bids (price bid) to our office on or before 7 days from the date of publication of the first bid notice. Bids received after this deadline will be rejected.
7. If the last date for purchasing and submission falls on a government holiday, the next working day shall be considered the last date. In such cases, the validity period of the bid shall remain the same as specified for the original last date of bid submission.
8. The Manavsewa Ashram reserves the right to accept or reject any proposal and also reserves the right to award the contract either partially or fully.
9. The proposed work must be completed within 65 days from date of commencement, at the same quoted rate, with no price escalation allowed.
10. The sealed bid should be marked "Bid for Completion and finishing work of Kitchen and Dining Block of Manavsewa Ashram Lamjung"

| Contract No. | Project Name | Estimated Amount Including VAT | Bid document fee Non-refundable | Bid Security Amount |
|---|---|---|---|---|
| **MSA/ 05/2082/83** | *Completion and finishing of Kitchen and Dining Block of Manavsewa Ashram* | NRs. 29,99,202.49 | NRs. 1,000.00 | NRs 75,000 |

**For bid submission purposes only, the Employer's address is**:
**Attention:** Chief Administrative Officer
Manavsewa Ashram, Raniban, Nagarjun Municipality, Kathmandu District, Bagmati Province and Manavsewa Ashram, Besisahar, Lamjung
**Contact Numbers:** 9855076089, 9855076073, 9855076023
**Deadline for bid submission:**
**Date:** 2082/09/18 B.S. (January 2nd , 2026 A.D.)
**Time:** 5:00 p.m.

**For Payment**

# ‘द ब्लु लाइट’को टिजरमा प्रेमदेखि प्रतिशोधसम्म



**काठमाडौं /मस–** साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको नेपाली चलचित्र ‘द ब्लु लाइट’को टिजर सार्वजनिक गरिएको छ। बिहीबार क्रिसमसको अवसर पारेर निर्माण कम्पनी मौरी पिक्चर्सको आधिकारिक युट्युब च्यानलमार्फत टिजर सार्वजनिक गरिएको हो ।

महेश त्रिपाठी र बेनिशा हमालको संवादबाट सुरु हुने टिजरले चलचित्रको कथावस्तु र मनोवैज्ञानिक द्वन्द्वबारे संकेत गर्छ। टिजरमा प्रेम, रोमान्स, आक्रमण, प्रतिशोध, हत्या, त्रास र कानुनी फन्दासँग जोडिएका घटनाहरूलाई क्रमशः प्रस्तुत गरिएको छ । पात्रहरूबीचको अविश्वास, नियत र आक्रमणको वरिपरि कथा घुमिरहेको देखिन्छ, जहाँ एकले अर्कोलाई मानसिक र शारीरिक रूपमा सिध्याउने खेल खेलिरहेका छन् भन्ने संकेत पाइन्छ।

टिजरमा प्रहरीले बयान लिइरहेको दृश्यसँगै अपराधका श्रृंखलाबद्ध घटनाहरू समावेश गरिएको छ । ती दृश्यहरूलाई सशक्त बनाउने गरी प्रयोग गरिएको ब्याकग्राउन्ड स्कोर र कलर टोनले सिनेमाको गहिरो र अँध्यारो मनोवैज्ञानिक वातावरणलाई उजागर गर्छ । निर्माण पक्षले टिजरमार्फत दर्शकलाई ‘साइकोलोजिकल थ्रिल’ अनुभूति गराउने प्रयास गरेको देखिन्छ।

टिजर सार्वजनिक गर्दै निर्माण टिमले चलचित्रको नयाँ प्रदर्शन मिति पनि घोषणा गरेको छ। यसअघि पुस १० गते रिलिज गर्ने तयारी गरिएको चलचित्र अब आगामी माघ १६ गते बाट देशभर प्रदर्शनमा आउने भएको हो । यो फिल्म यसअघि १२ मंसिरमा रिलिज हुने भनिए पनि पटक-पटक पोस्टपोन्ड हुँदै आएको थियो । माघ १६ कै मितिमा अर्को फिल्म ‘आ बाट आमा’ पनि प्रदर्शन हुने भएकाले बक्स अफिस प्रतिस्पर्धा रोचक हुने देखिन्छ।

बलिराम चौहानको लेखन तथा निर्देशनमा तयार भएको ‘द ब्लु लाइट’मा बेनिशा हमाल, अर्पण थापा, आयुष्मान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी र सुरक्षा इटानीको प्रमुख भूमिका रहेको छ। बाल कलाकारको रूपमा ग्रिस्मा कटुवाल र सहारा शर्माले अभिनय गरेका छन्।

स्काइफल पिक्चर्सको प्रस्तुतिमा बनेको यस चलचित्रका सहनिर्मातामा भोलानाथ कटुवाल र रमन ग्रे रहेका छन् भने कार्यकारी निर्माताको रूपमा छायाकार नरेन्द्र मैनाली र अभिनेत्री बेनिशा हमाल छन्। चलचित्रको छायांकन नरेन्द्र मैनालीले नै गरेका हुन्।

प्राविधिक पक्षमा पनि चलचित्र सबल देखिन्छ । आकाश उखेडा मुख्य सहायक निर्देशक, रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर र दिलीप पन्त निर्माण नियन्त्रक हुन्। चलचित्रको सम्पादन लोकेश बज्राचार्यले गरेका छन् भने मोहक श्रेष्ठको ब्याकग्राउन्ड स्कोर, एसडी योगीको संगीत, रोशन श्रेष्ठको एक्सन निर्देशन तथा सुनिल क्षेत्रीको नृत्य निर्देशन रहेको छ।

टिजरले फिल्मको कथावस्तु पूर्ण रूपमा नखोली रहस्य र मनोवैज्ञानिक तनावलाई बलियो रूपमा प्रस्तुत गरेको छ । अविश्वासबाट जन्मिने द्वन्द्व, त्यसले निम्त्याउने हिंसा, अपराध र कानुनी जटिलताले दर्शकलाई अन्त्यसम्म बाँधिराख्ने अपेक्षा निर्माण पक्षले गरेको छ । साइकोलोजिकल थ्रिलर जनरामा फरक स्वाद दिन खोजिएको ‘द ब्लु लाइट’ले नेपाली चलचित्र क्षेत्रमा नयाँ प्रयोग गर्ने विश्वास निर्माण टिमको छ। अब माघ १६ मा दर्शकले हलमा यो चलचित्र कस्तो प्रभाव छोड्छ भन्ने चासो बढेको छ।

# प्रेमिल भावमा सुशील र अञ्जना



**काठमाडौं /मस–** आगामी माघ ९ गतेदेखि प्रदर्शनमा आउन लागेको एक्सन फिल्म ‘परिवर्तन’मा समावेश पहिलो गीत ‘पाकेको चिउरी’ सार्वजनिक गरिएको छ। क्रिसमसको अवसर पारेर बिहीबार दिव्यासी फिल्म्सको युट्युब च्यानलमार्फत गीत रिलिज गरिएको हो ।

लोकलयमा आधारित यस गीतको भिडियोमा फिल्मका मुख्य जोडी सुशील श्रेष्ठ र अञ्जना बराइली प्रेमिल भावमा प्रस्तुत भएका छन् । छमछमी नृत्य र भावनात्मक अभिव्यक्तिमार्फत उनीहरूको प्रेमकथालाई गीतले जीवन्त बनाएको छ । भिडियोमा देखिएको उनीहरूको रसायनले दर्शकको ध्यान खिच्ने अपेक्षा गरिएको छ।

गीतमा एसडी योगी र रेश्मा पुनको स्वर रहेको छ भने संगीत योगी स्वयंको छ। मौसम अर्यालले शब्द रचना गरेका यस गीतले गाउँघरको मौलिक स्वाद, टिपिकल शब्द र युवायुवतीबीचको आकर्षण तथा प्रेमभावलाई उजागर गर्छ।

## सुनकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**पांग्रेटार, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**सुनकोशी गाउँपालिका वडा नं. ३, ४ र ७ मा सुनकोशी नदीबाट BES प्रतिवेदनले निर्धारण क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा संकलन, उत्खनन र बिक्रि कार्यको लागि बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/११)**

**ठेक्का नं. SRM/Goods/IR/NCB/082/83-07**

यस गाउँपालिकाको सुनकोशी नदीको विभिन्न स्वीकृत स्थानहरूबाट बिक्रि गरिने ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन, उत्खनन र बिक्रिको लागि इच्छुक बोलपत्रदाताले रीतपूर्वक विद्युतीय बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा रहेको प्रणाली प्रयोग गरी पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| उठाउन पाउने दररेट | कारोबार योग्य अधिकतम परिमाण (घ.फि.) | न्युनतम ठेक्का अंक (मू.अ.क. बाहेक) | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|
| रु. ७/- (प्रति घ.फि.) | २,६९,७२६.७५ | १८,८८,०८७.२५ | २०८२/१०/११ दिउँसो १२:०० बजे | २०८२/१०/११ दिउँसो १:०० बजे |

ठेक्का सम्बन्धि पूर्ण सूचना तथा शर्तहरु सुनकोशी गाउँपालिकाको वेबसाइट https://sunkoshimunsindhupalchowk.gov.np/ र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट https://ppmo.gov.np/egp बाट डाउनलोड गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids
## Guthichaur Rural Municipality

**Dhalmudi-04, Jumla**

**Invitation for Bids No: NCB/082-083/GRM3**

**Date of publication: 2082/09/11**

1. *Guthichaur Rural municipality* has received a loan/credit/grant from ***GON*** towards the cost of ***Medicine Procurement work*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***NCB/082-083/GRM3***. Bidding is open to all eligible Bidders from all countries as defined in ***GON.***
2. The **Guthichaur Rural municipality** invites ***electronic*** bids from eligible bidders for the procurement of **Medicine Procurement work** under National competitive bidding – Single Stage Single Envelope procedures**.**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Guthichaur Rular Municapility, dhaulmudi Jumla, bhandaridipendra019@gmail.com, 9843951496*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the PPMO website www.bolpatra.gov.np/egp.

OR

Bidder who chooses to submit their bid electronically may purchase of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Laxmi Sunrise Bank Ltd
Name of Office : Guthichar Gaun Karyapalika Ga 1.1 Antarik Rajashw Khata
Office Code no. : 801066203
Account no. : 0780489611703009
Rajaswa (revenue) Shirshak no. : 14229

5. Pre-bid meeting shall be held at ***Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla*** at ***2082/10/04, 2:00pm***
6. electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 pm*** on ***2082/10/12*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence or not of Bidders' representatives who choose to attend at ***14:00, 2082/10/12*** at the office of ***Guthichaur Rural Municipality , Dhalmudi-04, Jumla .***Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs. 55,000 **(Fifty Five Thousand rupees only.)** ***of estimated amount Inclusive VAT)***, which shall be valid for 30 days beyond the validity period of the bid .

| S. N. | *Contract identification* | *Name of Project* | *Estimated Amount (Including VAT ) Nrs.* | *Bid Security amount Nrs.* | *Bid document Fee (Non Refundable) Nrs.* |
|---|---|---|---|---|---|
| 1 | NCB/082-083/GRM3 | Medicine Procurement work | 21,81,714.46 | 55,000 | 3000.00 |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission. only suppliers can apply for this bid & suppliers having medicine distributers licence.

**कुबेतमा रोजगार**

क. १ कम्पनी : AL-HANA UNITED GEN TRAD & CONT CO. शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६३३ LT. No.: 299806 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 25 | सम्बन्धित काममा दक्ष | 120 | ५५,९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner (Indoor) | 0 | 13 | | 90 | ४१,९९७ | | | | | | | |
| 3. | Salesperson | 0 | 25 | | 120 | ५५,९९६ | | | | | | | |

क. २ कम्पनी : AL HANA UNITED GENERAL TRADING & CONTRACTING CO W.L.L. शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०६/०२ चलानी नं.: ६०२२५५३३ LT. No.: 311054 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 67 | 0 | स. कामामा दक्ष | 90 | ४१,९९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १८ गते (2 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क.न. १ को रु. १०,००० क.न. २ मा नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५

**कतारमा रोजगार**

कम्पनी : SIGNATURE BY MARZA शहर : QATAR
पूर्व स्वीकृत मितिः २०८१/१०/१५ चलानी नं.: ६०२३२१२१ LT. No.:317881 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
